'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : २०० ★ ने. सं. ११४६ दिला गा, चतुर्दशी ★ मङ्गलबार ★ २६ साउन, २०८३ ★ August 11, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




क्युवाली समाजवादी क्रान्तिका सर्वोच्च कमान्डर फिडेल क्यास्ट्रोको जन्म शताब्दीको अवसरमा क्युवाको राजधानी हवानास्थित अन्तर्राष्ट्रिय सभाभवनमा सुरु भएको 'फिडेल: विरासत र भविष्य' अन्तर्राष्ट्रिय विचार गोष्ठी । कन्भेन्सन प्यालेसमा अगस्ट १३ गतेसम्म चल्ने उक्त कार्यक्रममा विभिन्न पृष्ठभूमिका शिक्षाविद्, बुद्धिजीवी र सामाजिक अगुवाहरूलाई भेला गरी वर्तमान चुनौतीहरूको सामना गर्दै उहाँको विरासतको सान्दर्भिकताका बारेमा छलफल हुनेछ । विचार गोष्ठीको अध्यक्षता क्युवाली कम्युनिस्ट पार्टीका प्रथम सचिव एवं क्युवाली राष्ट्रपति मिगुएल डियाज-क्यानेल बर्मुडेजले गर्नुभएको छ । *तस्बिर : ग्रान्मा इन्टरनेशनल*

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

● जिल्ला र उच्च अदालतका न्यायाधीश र नेपाल बार एसोसियसनका वकिलमध्येबाट सर्वोच्च अदालतमा न्यायाधीश बनाइने संवैधानिक व्यवस्था छ । विगतमा न्यायाधीश र वकिलतर्फबाट गएका न्यायाधीशहरूको कार्यसम्पादन विवादमुक्त भएन । न्यायाधीश कहाँबाट को को बन्नेभन्दा सत्यतथ्य बुझेर निष्पक्ष न्याय दिनु जरुरी होइन र ? विगतमा नेका, एमाले, माओवादी सरकारले न्यायाधीश छनौटमा आ-आफ्ना कार्यकर्ता पारे । के अहिले रास्वपा त्यही दाउमा हो ? होइन भने अब नियुक्ति हुने न्यायाधीशहरूबाट अदालतमा थुप्रिएका हजारौं मुद्दा समयमा निष्पक्ष फैसला होला ?

● एक महिनामै जापानिज इन्सेफ्लाइटिसबाट ९ जनाको मृत्यु भयो । कोसी प्रदेशमा ६, मधेसमा २ र लुम्बिनीमा १ को जेई सङ्क्रमणबाट मृत्यु भयो भने अन्य ३७ सङ्क्रमित अस्पताल भर्ना भए । सङ्क्रमितमध्ये अधिकांश खोप नलगाउनेहरू परे । के सरकारले जनतालाई खोपसमेत दिन नसकेको हो ? यति काम गर्न नसक्ने प्रधानमन्त्री र स्वास्थ्यमन्त्रीहरूलाई जनताले जिम्मेवार बनाउनु जरुरी छैन र ?

● करोडौं रकम अन्धाधुन्ध खर्च गरी अमेरिका हिँडेकामध्ये कति बाटैमा हराएका छन्, कति मरेका छन्, कति अमेरिका पुगेर पनि वर्षौंदेखि जेलमै छन्, कति वर्षौंको जेल बसाइँपछि रित्तो हात घर फिरेका छन् । जेलमा परेकाहरूका आमाबुबा आफ्नो र छोराछोरी वास्तविक नाम बताउन चाहन्नन् । परिवार भन्छ, "यता सबै बताए उता छोराछोरीलाई झन् समस्या पर्छ रे । पैसा सापटी दिएकाहरू आउँछन्, पैसा माग्छन् तर हामीसँग उनीहरूलाई दिने पैसा त छैन नै, अब त जवाफ पनि छैन, यो कस्तो सङ्कट आइलाग्यो, यता हामीलाई साहुले घेरेका छन् उता छोरालाई अमेरिकाको पुलिसले घेरेका छन् ।"

देशको यो स्थिति आउनुमा के सरकारमा गएका नेका, एमाले, माओवादी र रास्वपाका मन्त्रीहरू दोषी होइनन् ? रोजगारीको लागि खाडी मुलुकमा पठाइएका नेपालीहरूका व्यथा त्यति नै पीडादायी छ । के सरकारको उपस्थिति यही हो ?

● सरकारले आर्थिक वर्ष २०८२/८३ मा दुई पूर्ण विधेयक र तीन संशोधन विधेयक मात्र सुदूरपश्चिम प्रदेशसभामा दर्ता गराएको र यसमध्ये दुई संशोधन विधेयक मात्र पारित भए ।

*बाँकी पृष्ठ २ मा*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ८२

**लुम्बिनी प्रदेश, बाँके जिल्ला नरैनापुरपुर गाउँपालिका**

भदौ २४ गते कार्यालय समय सकेपछि राति ९/१० बजे भारततिरबाट आएकाहरूले पालिकामा आगजनी र लुटपाट गरे । अभिलेख पनि ध्वस्त भएको छ ।

**राजस्व अनुसन्धान कोहलपुर**

राजस्व अनुसन्धानमा विगतमा कारबाही परेकाहरू लुटपाट र आगजनीमा संलग्न छन् । सुरक्षा निकायले हात उठाएपछि यो अवस्था सिर्जना भएको हो । बेलुका ४ बजे १००/२०० जनाको समूहले पहिला बाहिरका सवारी साधन र पछि कार्यालयभित्र प्रवेश गरेर अनुसन्धानका क्रममा रहेका प्रमाण, अभिलेखमा क्षति गरे । अनुसन्धान भइरहेको र हुनसक्ने कागजात जलाइएको छ । यसमा संलग्न सबैलाई कानुनी दायरामा ल्याइएन भने दण्डहीनताको अवस्था आउँछ ।

**जलस्रोत तथा विकास डिभिजन**

सरकारी मोटरसाइकल ८ वटा ध्वस्त भएका छन् । चोर्न पाइन्छ, लिन पाइन्छ भन्ने खालका आपराधिक मानसिकता भएका मान्छेहरू धेरै देखिए । पछि भन्सार लुटन जानुपर्छ भन्दै थिए ती व्यक्तिहरू ।

**बालसुधार गृह नौवस्ता बाँके**

भदौ २४ गते केही भएन । भदौ २३ गते ६ बजे नै २५ वटा सीसी क्यामेरा तोडफोड गरिसकेका थिए । यस बाल सुधारमा ५ जनाको निधन २ जना घाइते भए । १७६ मध्ये ७८ भागे भने ३५ सम्पर्कमा आए । आउन बाँकी ४३ जना सबै १७ देखि २५ वर्षसम्मका छन् ।

**नौवस्ता कारागार**

२५ जना भारतीय र नेपालीसमेत जम्मा १४७ जना भागेका छन् । यस कारागारमा भएका ५८५ जनामध्ये ९८ जना आउन बाँकी छ ।

**जयन्तु बालसुधार गृह**

२५ गते ११५ जना फरार भए भने ४९ जना आए । ६६ जना अझै फरार छन् । सिभिलमा मात्र प्रहरी रहनुपर्ने हतियार बोक्न नपाइने प्रावधानअनुसार हाल सिभिलमा १० जना कार्यरत छन् ।

**नेपालगञ्ज कारागार**

भदौ २३ र २४ गते टेलिभिजन बन्द गरेका कारण केही जानकारी पाएनन् । २४ गते बेलुका बाहिरका मान्छे आएर सबैलाई रिहा गर ! भनी २ वटा सीसीटीभी फुटाए । सशस्त्र प्रहरीले टियर ग्यास हानेपछि भागे । २५ गते बेलुका हामीले सल्लाह पनि गर्‍यौं । भित्रको सीसी क्यामेरा तोडफोड भएपछि सेना, प्रहरीले बल प्रयोग गर्दा १० जना घाइते भए । भेटघाट कक्ष क्षति भए पनि कारागार पूर्णरूपमा क्षति भएन ।

**कृष्ण श्रेष्ठ (व्यवसायी पूर्वअध्यक्ष उद्योग वाणिज्य सङ्घ)**

घटनामा संलग्न लुटेराहरूलाई कारबाही भएन भने दण्डहीनता बढ्छ । भवन ध्वस्त भएकाले सेवाग्राहीले सेवा नपाइरहेको अवस्था छ । फेरि यस्तो घटना घटेमा त कहाँ पुग्छौं होला हामी ? यो घटनामा ५ प्रतिशत जेनजी र ९५ प्रतिशत लुटेरा छन् । "घटना कसरी घटाएर लुट्न पाइन्छ" भनी पर्खेर बस्ने जमात छ ।

**मेयर, पूर्ण आचार्य (कोहलपुर)**

क्षति भएका सबै ठाउँको प्रकृति एउटै खाले छ । लुटेराले ध्वस्त पारे मेरो पैतृक सम्पत्ति । मेरो निजी घरमा ठुलो क्षति भएको छ । ९६ लाख बराबरको क्षति भएको छ । कोहलपुर नगरपालिकामा केहीबाहेक पूर्णरूपमा नष्ट भएको छ । नगर विकास समिति पनि पूर्णरूपमा नष्ट भएको छ । कोहलपुर नगरपालिकामा करिब १३५ थरीका सामान र भौतिक संरचनासहित करिब ९ करोड क्षति भएको छ । यो उद्दण्डता प्रदर्शन गर्नेलाई आयोगले कारबाही गर्न सक्छ ? यो सरकारले दण्डहिनता अन्त गर्न सक्छ ? सक्दैन, सामाजिक सञ्जालले चुनौती दिएको छ । उद्दण्डता मच्चाउनेहरू खुला रूपमा समाजमा हिँडिरहेका छन् । सरकारले यस्ता अपराधीलाई कारबाही नगर्नु आपत्तिजनक छ ।

**उच्च अदालत बार एसोसिएसन**

भदौ २३/२४ गतेको घटनामा संलग्न व्यक्तिलाई कारबाही हुन्छ कि हुँदैन ? आयोगको प्रतिवेदन कार्यान्वयनमा हामीलाई आशङ्का छ । म पनि प्रत्यक्षदर्शी छु । सुरक्षा प्रमुखहरूलाई सम्पर्क गर्दा फोन नै लाग्दैन । बार एसोसिएसनको घर पनि ध्वस्त भएको छ । अझै केही सामान फिर्ता गर्न पनि सकिन्छ यदि सुरक्षाकर्मीले सक्रियता लिने हो भने । अपराधीलाई कारबाही नभए दण्डहीनता बढ्छ ।

**इन्सेक प्रदेश संयोजक**

भौतिक संरचनाको क्षति र मानवीय क्षति भएको हुँदा प्रभावकारी रूपमा अनुसन्धान हुनुपर्छ । के कारण र कमजोरीले घटना घट्यो पत्ता लगाउनु आवश्यक छ । जिल्लामा उद्दण्ड मच्चाउने १००/१५० जना जति मात्रै हुन् । संलग्न व्यक्तिहरूलाई कानुनी कारबाही गर्नु आवश्यक छ । छिटोभन्दा छिटो आयोगले काम टुङ्ग्याउनुपर्छ ।

**पत्रकार महासङ्घ नवीन गिरी जिल्ला शाखा अध्यक्ष**

भदौ २३ र २४ लाई एउटै डालोमा हालेर हेर्नु हुँदैन । मलाई शङ्का छ, प्रतिवेदन दूधको दूध पानीको पानी हुनेमा । गृहमन्त्रीको विज्ञप्तिले संशय बढायो । सरकार बाहिरबाट विरोध गर्न सजिलो र सत्तामा आई काम गर्न गाह्रो छ । सामाजिक सञ्जालमार्फत उक्साउनेहरूलाई कारबाही हुनुपर्छ । घटनामा राज्यको उपस्थिति देखिएको भए क्षति न्यून हुने थियो । सुरक्षा संयन्त्रले अघिल्लो दिन नै 'गाडी जोगाउनुस्, डेटा बचाउनुहोस्' किन भन्यो ?

*व्यङ्ग्यचित्र कुनो*




# समाजवादी व्यवस्थाको लागि वर्गसङ्घर्ष आवश्यक

काठमाडौं, २५ साउन । आफूलाई ठुला कम्युनिस्ट दल भनिएका कम्युनिस्ट नेताहरू बिगतमा भएको गल्ती सम्झेर आत्म समीक्षा गर्दै छन् र गल्ती स्वीकार्दै छन् । कम्युनिस्टको सिद्धान्त र विचार थाती राखेर सत्ताको निम्ति जुनसुकै दलसँग साँठगाँठ गर्ने र आफ्नो स्वार्थमा अलिकति ठेस पुग्ने देखेपछि सरकारको नेतृत्वको निम्ति तुरुन्तै एउटा दल छोडेर अर्को दल रोज्ने ती दलका नेताहरू अहिले पछुताउ गर्दै छन् । विगतका यस्ता गल्ती र कमी कमजोरी सच्याएर अघि बढ्नुबाहेक अर्को विकल्प नभएको भनी उनीहरू लाज मानी मानी आफ्नो कमजोरी नेता कार्यकर्तासमक्ष पोख्दै छन् र कम्युनिस्टको सिद्धान्त र विचारअनुसार अघि बढ्नुपर्ने कुरा खोक्दै छन् । कम्युनिस्ट भनिने ती नेताहरूलाई सत्तामा रहेर रमाउञ्जेल कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टीबारे कुनै चासो भएन । सत्तामा बस्दा प्रधानमन्त्री बन्नकै निम्ति दलहरू फेरी फेरी समावेश गर्नुहुँदैन भन्ने कुरामा पनि उनीहरूलाई मतलबै छैन । सिद्धान्त र विचार छोडेर सरकारमा बसेकै कारण कम्युनिस्ट पार्टीको बदनाम भएको हो । कम्युनिस्ट पार्टीको बदनाम भयो भनी आलोचना गर्दा कुनै सुनुवाइ हुँदैन । सरकारको नेतृत्व गरुञ्जेल कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनताको घर आँगनमा पुऱ्याएर समाजवादी आन्दोलन अघि बढाउने कुरा उनीहरूले भुले ।

राजनीतिक इतिहास हेर्दा अध्यक्ष दाहाल अवसरवादी नेताको रूपमा परिचित छन् । आफ्नो पार्टी टिकाउन र आफू टिकिरहन नेता दाहालले क्रम भङ्ग भन्दै कहिले को सँग कहिले को सँग गठबन्धन गरे । कहिले अरु पार्टीसँग मिले त कहिले फुटे । अरु दलसँग गठबन्धन र कार्यगत एकता गर्दा त्यो समयमा क्रान्तिकारी एकता भएको फुक्छन् र कम्युनिस्ट आन्दोलन अघि बढ्ने विचार व्यक्त गर्छन् । तर, समय बितेसँगै ती सबै कुरा भुल्छन् । कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारअनुसार राजनीति गर्दैनन्; कार्यकर्ता परिचालन गर्दैनन् ।

सरकारको नेतृत्व गर्नको निम्ति जे पनि गर्न पनि पछि नपर्ने दाहालको अवसरवादी राजनीति, सिद्धान्तअनुसार काम नगर्ने प्रवृत्तिले नेपालको कम्युनिस्ट पार्टीकै बदनाम भयो र कम्युनिस्ट आन्दोलन पनि पछि पऱ्यो । दाहालले कहिले नेकाको त कहिले एमालेको साथमा सरकारको नेतृत्व गरे ।

*बाँकी पृष्ठ ८ मा*



**कालिका मन्दिर र कुमारी पार्क**
भक्तपुरको मध्यपुर थिमि-८ बोडेस्थित ऐतिहासिक कालिका मन्दिरसहितको कुमारी पार्कको दृश्य। *तस्बिर : रत्न श्रेष्ठ /रासस*

# संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिकसम्बन्धी विधेयक बहुमतले स्वीकृत

काठमाडौँ, २५ साउन। प्रतिनिधिसभाको आजको बैठकले 'संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रामिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ विचार गरियोस' भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको छ।

बैठकमा उक्त विधेयक प्रधानमन्त्री बालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सो प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

यसअघि, छलफलमा सांसदहरू रीना उप्रेती, लीमा अधिकारी आचार्य,कृष्णहरि बुढाथोकी, गंगालक्ष्मी अवाल, जनकसिंह धामी, कालीबहादुर शाह, माधवबहादुर थापा, कमल सुवेदी, प्रमीलाकुमारी गच्छदार, पारशमणि गेलाल, पार्वती विक, निराशा चौधरी दगौरा, यशोधाकुमारी बराल, साजिदा खातुन सिद्धिकीले भाग लिँदै आफ्नो धारणा, जिज्ञसा तथा सुझाव राख्नुभएको थियो।

छलफलमा उठेका जिज्ञासामा मन्त्री गौतमले जनताले तिरेको करको सदुपयोग गर्न र दोहोरो सुविधा लिन नपाउने विषय भएको १३ आयोगका ६५ पदाधिकारी धेरैजसो पेन्सन खाने भएकाले तलब लिदा पेन्सन लिन नपाउने व्यवस्था गर्न लागेको बताउनुभयो।

संवैधानिक आयोगमा नियुक्ति गर्न उपयुक्त पासलाई दोहोरो सुविधा लिन नपाउने भन्ने सरकारको स्पष्ट धारणा रहेको जनाउँदै काम गरेबापत पारिश्रामिक लिने तर एकद्धारा प्रणालीबाट मात्र लिने व्यवस्था गर्न खोजेको बताउनुभयो। उहाँले दफाबार छलफलमा थप सुझाव आउने भएकाले अझ बृहत् छलफल हुने विश्वास गर्नुभयो। प्रतिनिधिसभा बैठक जारी छ। ***रासस***

# गाठामग चऱ्हेमा नवदुर्गाको विशेष पूजा

**- नारायणमान बनमाला**

नेपालकै लामो जात्रा नवदुर्गा देवगणको 'ङालाकेगु जात्रा' ले भक्तपुर नगरलाई विश्वमा सांस्कृतिक नगरीको रूपमा चिनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। जीवित देवताको रूपमा पुजिने नवदुर्गा देवगणको 'ङालाकेगु जात्रा' परम्परागत रूपमा निरन्तर चलिरहेको छ। विशेषत: अनुहारमा देवी देवताको मकुन्डो लगाएर शास्त्रीय नृत्य तथा परम्परागत शैलीमा बाजागाजाको तालमा नवदुर्गाको नाच, ङालाकेगु जात्रा तथा अन्य जात्राहरू हुने गर्दछ। हरेक वर्ष आठ महिना मकुन्डोसहितको जात्रा र ४ महिना मकुन्डोबिनाको जात्रा हुने गर्दछ। मकुन्डोबिनाको जात्राअन्तर्गत नवदुर्गाको नामकरण पूजापछि गाठामग चऱ्हेको दिन हुने नवदुर्गाको विशेष पूजा पनि महत्त्वपूर्ण पूजाको रूपमा लिइन्छ। यस वर्ष गाठामग चह्रे साउन २६ गते मङ्गलबारको दिन नवदुर्गाको विशेष पूजा गरिनेछ। यो दिन नवदुर्गाको महादेवको सृष्टि पूजा गरिन्छ।



यस विशेष पूजाको दिन बिहानै मन्दिरमा लिपपोट गरी सरसफाइ गरिन्छ। यस वर्ष नवदुर्गा देवगण बन्ने उजाजु (बनमाला) हरू पूजा सामग्रीहरू लिएर भक्तपुर नपा वडा नं. ९, गछेँस्थित नवदुर्गा मन्दिरमा भेला हुन्छन्। नवदुर्गाको नकीं (मन्दिरको महिला पुजारी) बाट तयार गरिएका थप पूजा सामग्रीहरूसहित घाजीनं (सेतो जामा) पोशाक लगाएका १९ जना देवगण भक्तपुर नपा वडा नं. ६ याछेँस्थित मकुन्डो घरमा मालिङ बाजाका साथ प्रस्थान हुन्छन्। मकुन्डो घरमा पुगेपछि नवदुर्गाको महादेवको रूपमा राखेको द्य:चा (कालो माटो) मा पुंचा (चित्रकार) द्वारा नवदुर्गा मन्दिरबाट लगेको पूजा सामग्रीबाट सृष्टि पूजा गरिन्छ। विधिवत रूपमा महादेव सृष्टि पूजा गरिसकेपछि देवगणहरू भक्तपुर नपा वडा नं. ४ स्थित तालाक्वमा पुग्नेछन्। तालाक्वका हाकुज्या (माटोको भाँडाकुँडा बनाउने प्रजापति जाति) हरूकहाँ गई नवदुर्गा देवगणहरूबाट विधिवतरूपमा चा फ्यागु (माटो पूजा) गरिन्छ। यस वर्षको मकुन्डो निर्माण गर्न आवश्यक द्य:चा (कालो माटो) र वर्षभरि जात्रामा प्रयोग गरिने माटोका भाँडाकुँडाहरू तयार गर्न हाकुज्याहरूलाई अनुरोध तथा निम्तो दिने गरिन्छ। सो पूजा सम्पन्न भइसकेपछि देवगणहरू पुन: नवदुर्गा मन्दिरमा फर्किनेछन्।

मन्दिरमा पुगेपछि भलभल अष्टमीका दिनदेखि बजाउन बन्द गरेको खिं (बाजा) सो दिन एकजना देवगणबाट बजाएर बाजा फुकुवा गर्ने गरिन्छ। यस दिनदेखि भक्तपुरका मठ मन्दिर, दाफा भजन, बाजा समूह, भजनमण्डलहरूमा बाजा बजाउन मिल्ने र बाजा बजाउन शुभराम्भ हुने मान्यता रहेको छ। बेलुका नवदुर्गा देवगण र तिनीहरूका परिवारका सबै सदस्यहरू मन्दिरमा उपस्थित भई प्रसादस्वरूप भोज खाने परम्परा रहेको छ।

यस दिन भक्तपुरका टोलटोलमा पराल, नर्कट, छ्वाली आदि प्रयोग गरी गाठामग बनाएर कुनै निश्चित स्थानमा लगेर जलाउने गरिन्छ। नवदुर्गामा महादेवको सृष्टिसँगै नकारात्मक शक्ति गाठामगको अन्त्य र विनास हुने जनविश्वास रहेको छ। यसरी गाठामग चऱ्हेको दिन नवदुर्गाको विशेष सृष्टि पूजा र चा फ्यागु पूजा गरिन्छ।

***(लेखक नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाका सल्लाहकार हुनुहुन्छ।)***

# २० औँ एसियन खेलकुद: चार खेलको तयारी भारत र चीनमा

महेन्द्रनगर, २५ साउन। जापानमा हुने २० औँ एसियाली खेलकुद (एसियाड) मा प्रतिस्पर्धाका लागि नेपालबाट प्रतिनिधित्व गर्ने चार खेलका खेलाडी भारत र चीनमा तयारी गरिरहेका छन्। बाइस वटा खेलमा १३६ जना खेलाडीले नेपालको प्रतिनिधित्व गर्दै व्यक्तिगत र समूह खेलमा २० औँ एसियाडमा सहभागी हुँदै छन्।




राष्ट्रिय खेलकुद परिषद् तालिम तथा प्रशिक्षण विभागका निर्देशक विष्णुबहादुर सिंहले कुस्ती, कबड्डी (महिला तथा पुरुष) र बक्सिङको टीम भारत र उसुको थाउलो टोली चीनको कुन्मिङ पुगेको जानकारी दिनुभयो। उहाँले चार टोली बाहिर प्रशिक्षणमा रहँदा बाँकी १८ खेलका खेलाडी भने स्वदेशमा आन्तरिक तयारी गरिरहेका बताउनुभयो।

एसियाड खेलकुदकै तयारीअन्र्तगत नेपालको कुस्ती टोली लिएर तयारीका लागि भारतको अयोध्यास्थित नन्दनीनगर पुग्नुभएका कञ्चनपुरका कुस्ती प्रशिक्षक राजेन्द्रबहादुर चन्दले कुस्ती खेलाडीबाट नेपालले पदकको आशा गरेको बताउनुभयो।

पुरुष तथा महिला गरी छ जना कुस्ती खेलाडीसहित भारत पुगेका प्रशिक्षक चन्दले भारतमा खेलाडीले राम्रो तयारी गर्ने अवसर पाएको बताउनुभयो। "दुई महिनाको अभ्यासका लागि हामी यहाँ आएका छौँ। खेलाडीले माथिल्लोस्तरका अन्य खेलाडीसँग अभ्यास गर्ने अवसर पाएका छन्", उहाँले भन्नुभयो। "यसअघिको एसियाडमा सहभागी भइसकेका खेलाडीले प्रतिस्पर्धाको तयारी मेहनतका साथ गरिरहेका छन्। पदकको आशा गर्न सकिन्छ", उहाँले भन्नुभयो।

भारतको उत्तर प्रदेशस्थित मेरडमा नेपाली पुरुष कबड्डी टीम तयारीमा जुटेको छ भने महिला कबड्डी टीम भारतकै हरिणामा प्रशिक्षणरत छ। पुरुष कबड्डी टीमका मुख्य प्रशिक्षक विष्णुदत्त भट्टले दुवै टीमले भारतका विभिन्न कबड्डी टीमसँग अभ्यास खेल खेलिरहेको बताउनुभयो।

"पुरुष कबड्डीमा हाम्रो पोलमा मुख्य प्रतिस्पर्धी भनेको पाकिस्तान र थाइल्यान्ड हुन्। थाइल्यान्डलाई हामीले पराजित गरेका छौँ", प्रशिक्षक भट्टले भन्नुभयो, ।

प्रशिक्षकसहित १४/१४ जनाको कबड्डी पुरुष तथा महिला टीम भारतमा डेढ महिना तयारी गर्नेछ। "पुरुष टीममा नयाँ र पुराना खेलाडीको समीक्षण छ", भट्टले भन्नुभयो।

बक्सिङ टोली अन्तिम तयारीका लागि आइतबार भारतको आसाम प्रस्थान गरेको छ। पुरुष र महिला गरी सात खेलाडी र प्रशिक्षकसहितको टीमलाई आइतबार झापाबाट बिदाइ गरिएको थियो। टोलीमा प्रशिक्षकका रूपमा खटिनुभएका दीपक मर्हजनले एसियाड खेलकुदमा बक्सिङ खेलबाट पदकको आशा गर्न सकिने बताउनुभयो।

नेपाल बक्सिङ सङ्घका केन्द्रीय अध्यक्ष राम अवालेले एसियाडमा नेपाली बक्सिङ खेलाडीबाट पदकको आशा गरिएको बताउनुभयो। "सन् २०१० यता हामीले एसियाडमा बक्सिङमा पदक पाएका छैनौँ", उहाँले भन्नुभयो।

सन् २०१० मा चीनको ग्वाङ्झाउमा भएको एसियन खेलकुद प्रतियोगितामा नेपालका लागि काष्य पदक दिलाएका दीपक महर्जन अहिले बक्सिङ टीमको प्रशिक्षकको भूमिकामा हुनुहुन्छ। रासस

# कोसी अस्पतालको नयाँ भवन समयमै सम्पन्न नहुँदा बिरामीलाई सेवा प्रवाहमा समस्या

विराटनगर, २५ साउन। कोसी अस्पतालको नयाँ भवन समयमा निर्माण हुन नसक्दा सेवाग्राहीले सास्ती व्यहोर्नुपरेको छ। कोसी अस्पताल, विराटनगरको सबैभन्दा पुरानो अस्पताल हो। पुरानो भवनबाट बिरामीको उपचार गर्न कठिन भइरहेको अस्पताल प्रशासनले जानकारी दिएको छ।

कूल ३५० शय्याको अस्पताललाई ठाउँको अभावले ३०० शय्याबाट सेवाप्रवाह गर्नु बाध्यता रहेको अस्पतालका प्रमुख डा. चन्द्रभाल झाले राससलाई जानकारी दिनुभयो। ठाउँ साँघुरो छ, ओपिडीमा दैनिक दुई हजारसम्म बिरामी आउने गरेको बताइन्छ।

उहाँले अस्पतालका दुई वटा भवन निर्माण भइरहेको जानकारी दिनुभयो। उक्त भवन निर्माणपछि अस्पतालको कूल शय्या ७५० पुग्छ। यसबाट बिरामीलाई सबै प्रकारको सुविधा प्रदान गर्न सजिलो हुने डा. झाले भन्नुभयो।

नयाँ बन्दै गरेका दुई भवनमध्ये पहिलो भवन लगभग सात हजार वर्गमिटरको एक बेससहित पाँचतले र दोस्रो दुईबेससहित १० तले ३३ हजार ७१० वर्गमिटरको छ।

पहिलो भवनको सम्झौता २०७८ साल असार ३० गते भूमि निर्माण कन्सट्रशनले रु. ३८ करोड ८७ लाखमा ठेक्का लिएको थियो। उक्त कम्पनीले बिचमा काम छाडेर भागेकाले निर्माण ढिलो भएको हो। रमन कन्सट्रक्शनले काम सुरु गरेको छ।

जसले गर्दा भवन निर्माणमा ढिलाइ भएको उहाँको भनाइ छ। यो भवनको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६४ प्रतिशत रहेको प्रमुख शाहले बताउनुभयो।

निर्माण सम्झौताअनुसार २०८३ असार २५ गतेभित्र सम्पन्न गर्नुपर्ने थियो। तर निर्माण कम्पनीको लापारबाहीका कारण समयमै निर्माण कार्य सम्पन्न हुन सकेनन्।

उहाँका अनुसार दोस्रो भवनको निर्माण सम्झौता २०७९ साल असार १३ गते भएको थियो। विसं २०८४ असार १२ गते निर्माण कार्य सम्पन्न हुने गरी केसी कन्सट्रक्सनले रु. दुई अर्ब १७ करोड लागतमा काम सुरु गरेको छ। अहिले यो भवनको भौतिक प्रगति ५० प्रतिशत र वित्तीय प्रगति ४२ प्रतिशत रहेको छ। ***रासस***

***देशको....***

यो स्थिति उत्पन्न हुनुमा सम्बन्धित प्रदेश सरकारको भागबन्डा गर्ने नेका, एमाले, माओवादी, राप्रपालगायतका नेताहरू दोषी किन होइनन् ?

● विश्वविद्यालय अनुदान आयोगले जारी गरेको निर्देशिकाअनुसार विदेश तथा स्वदेशका विश्वविद्यालयमा अध्ययन गरेका विद्यार्थीले अर्को विश्वविद्यालयमा क्रेडिट ट्रान्सफर गरी पढाइलाई निरन्तरता दिन पाउने गरियो। यो एक हदसम्म सकारात्मक हो। तर, सबै विश्वविद्यालयका कलेजहरू गुणस्तरीय नभएमा र प्रवेश परीक्षा नलिइएमा विश्वविद्यालय शिक्षा खस्कँदै आउनेछ। यसको जिम्मेवारी सरकारका कुन अधिकारीले लिने हो ? प्रश्न उठ्नु स्वाभाविक हो।

● कालीकोटको पलाता अस्पताल होस् वा वीरगञ्जको नारायणी अस्पतालको आकस्मिक कक्ष, नेपालका अस्पतालहरूमा चिकित्सकमाथि आक्रमण हुने दृश्य र शैली एउटै छ। कारणहरू फरक होलान्।

यसलाई कतिपय स्वास्थ्यकर्मीहरूले राज्यको असफलता बताउँछन्। नेपाल चिकित्सक सङ्घको पछिल्लो दाबीअनुसार पछिल्ला १० महिनामा करिब ९० जना चिकित्सक कार्यस्थलमै कुटिएका वा दुर्व्यवहारमा परेका छन्।

शिक्षा र स्वास्थ्य निजीकरण गराई कमिसन खाने शासक दलहरू यसका दोषी किन होइनन् ?

## विश्व सङ्क्षेप

# प्रधानमन्त्री शाहसँग चिनियाँ राजदूतद्वारा शिष्टाचार भेट

काठमाडौँ, २५ साउन । प्रधानमन्त्री बालेन्द्र शाहसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङले सोमबार शिष्टाचार भेट गर्नुभएको छ ।

उहाँहरूबिच नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहयोग प्रवर्द्धन एवं विकास साझेदारीलाई अभिवृद्धि गर्नेलगायतका विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिनुभयो ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा प्रधानमन्त्री शाहले चीनसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्ने विषयमा जोड दिनुभयो ।

राजदूत माओमिङले प्रधानमन्त्री शाहलाई शुभकामना व्यक्त गर्दै दुई देशबिचको आपसी सम्बन्ध र सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता जनाउनुभयो । यसअघि सोमबारै प्रधानमन्त्री शाहसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले पनि भेट गर्नुभएको थियो । *रासस*

# प्राचीन धर्मग्रन्थ सङ्कलन गर्दै धार्मिक पुस्तकालय

वाग्मती, २५ साउन । हेटौँडा उपमहानगरपालिका-१० स्थित गोरक्षेश्वर दिव्यधाम, राप्तीघाटस्थित संस्कृत वेद विद्यालयमा अवस्थित पुस्तकालयमा प्राचीन धर्मग्रन्थ सङ्कलनलाई अभियानका रूपमा अघि बढाइने भएको छ ।

विक्रम संवत् २०५६ मा विद्यालय स्थापना भएदेखि नै विद्यार्थीका लागि अत्यावश्यक पुस्तक सङ्कलनबाट सुरु गरिएको पुस्तकालयलाई थप व्यवस्थित गर्दै प्राचीन महत्त्वका धार्मिक पुस्तक सङ्कलन गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो ।

पुस्तकालयमा हाल करिब २५० को सङ्ख्यामा मात्रै पुस्तक सङ्कलित भएको बताउँदै उहाँले प्राचीन महत्त्वका धार्मिक पुस्तक उपलब्ध गराउन सबैमा आग्रह गरिएको बताउनुभयो । उहाँका अनुसार पुस्तकालयलाई व्यवस्थित बनाउनका लागि वाग्मती प्रदेशको पर्यटन मन्त्रालयले गत आर्थिक वर्ष २०८१/०८२ मा रु. दुई लाख उपलब्ध गराएको थियो ।

पुस्तकालयमा उपलब्ध गराइएका पुस्तक जो कोही विद्यार्थी तथा अनुसन्धाता सबैका लागि उपयोगी हुनाका साथै वर्षौंसम्म सुरक्षित रहने उहाँले बताउनुभयो । देशका विभिन्न जिल्लाबाट आएका करिब ५० जना बटुक अध्ययनरत त्यस विद्यालयले ४० जनालाई आवासीय सुविधा उपलब्ध गराउँदै आएको छ । *रासस*

# विपद्का घटना बढे, एकै दिन ४१ घटना

काठमाडौँ, २५ साउन । यही साउन २३ गते बिहान १०:०० देखि २४ गते बिहान १०:०० बजेसम्म देशका विभिन्न जिल्लामा ४१ वटा विपद्का घटना भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ती घटनामा २० जना घाइते भएका छन् ।

उक्त अवधिमा सर्पदंशका २०, आगलागीका नौ, पहिरोका आठ, चट्याङको एक, अतिवृष्टिका दुई र वन्यजन्तु आक्रमणको एक घटना भएका छन् । विपद्का घटनामा सहायताका निम्ति १७३ जना प्रहरी परिचालन भएका प्राधिकरणले जनाएको छ ।

सर्पदंशका घटनामा २० जना घाइते भएका छन् । विपद्का घटनाबाट अनुमानित रु. ३८ लाख ४७ हजार ५०० बराबरको क्षति भएको छ भने चार स्थानमा सडक अवरोध र एउटा चौपायाको ज्यान गएको छ ।


यसैबिच, गत वैशाख १ देखि यही साउन २४ गतेसम्म देशभर चार हजार ४५२ वटा विपद्का घटना भएका छन् । ती घटनामा २०५ जनाको मृत्यु, पाँच जना बेपत्ता र एक हजार ३४७ जना घाइते भएका छन् भने पाँच हजार ४९२ परिवार प्रभावित भएका छन् । *रासस*

## कविता

# आसुरीमाथिको विजय गठेमङ्गल पर्व

✍ चन्द्रलाल भोमी

*दाह संस्कार गरी मुक्ति पाएको दिन*
*तिथिले श्रावणकृष्ण चतुर्दशीको दिन*
*नरभक्षी अनि फलामप्रिय राक्षस तिमी*
*नास्तिक छौ अघोरी र पीडक पनि*
*देववाणी सुन्न चाहन्नौ बरु कान थुनिदिन्छौ*
*सोह्र सोह्र धार्नी फलाम कानमा झुण्ड्याइ हिँड्छौ*
*टोलटोल घुमी दुःख दिन्छौ तर्साएर मान्छे मार्छौ*
*राक्षस भएर अघोरी भई मान्छेको मासु खान्छौ*
*दुःख पाएर मर्‍यौ आखिर बेवारिस लास बन्यौ*
*टोलवासीले नै चन्दा उठाई दाहसंस्कार तिम्रो भो*
*स्थिति मल्लदेखि चलेको जात्रा यो*
*गोपाल वंशावलीमा उल्लेख भई चलेको पर्व यो*
*गठेमङ्गल, तिमी मर्दा दुनियाँलाई हर्ष भो*
*भूतप्रेत, पिशाच भगाउने दिन भनी रमाउने भो*
*सबक सिकायौ अरुलाई पनि नजिर तिमी बनेर*
*अत्याचारीको अवसान कसरी हुन्छ भनेर*



नेपालकै एकमात्र शालग्राम सङ्ग्रहालय रहेको बागलुङ नगरपालिका-४ स्थित कुँडुले धाम । धाममा तिरुपति बालाजीधाम, संस्कृत पाठशालालगायत पूर्वाधार समेत रहेका छन् । पछिल्लो समय भारतीयको रोजाइमा धाम पर्न थालेको छ । *तस्बिर: खेमराज गौतम/रासस*

# विराटनगर जुट मिल पुनः सञ्चालनका लागि अध्ययन कार्यदल गठन

काठमाडौँ, २५ साउन । सरकारले विराटनगर जुट मिल पुनः सञ्चालनका लागि अध्ययन गर्न एक कार्यदल गठन गरेको छ । उद्योगको विद्यमान आर्थिक, प्राविधिक तथा कानुनी अवस्था अध्ययन गरी पुनः सञ्चालनका लागि उपयुक्त विकल्प सिफारिस गर्न विज्ञसहितको कार्यदल गठन गर्ने निर्णय गरिएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको बैठकले विराटनगर जुट मिलको वर्तमान अवस्था, यसअघि भएका निर्णय तथा विभिन्न निकायबाट तयार गरिएका अध्ययन प्रतिवेदनको समीक्षा गर्दै मिल पुनः सञ्चालनका लागि आवश्यक रणनीति तय गर्ने उद्देश्यले कार्यदल गठन गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव वीरेन्द्रकुमार यादवले जानकारी दिनुभयो ।

बैठकमा सचिव यादवका साथै अर्थ सचिव र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसहित सम्बन्धित मन्त्रालयका अधिकारी तथा सरोकार भएका निकायका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो । सो अवसरमा जुट मिलको व्यवस्थापन, सञ्चालनको सम्भावना, विद्यमान समस्या तथा पुनः सञ्चालनका लागि अपनाउन सकिने विभिन्न विकल्पबारे छलफल भएको थियो ।

सचिव यादवका अनुसार कार्यदलले पुनः सञ्चालनका लागि आवश्यक आर्थिक, प्राविधिक, कानुनी तथा अन्य सम्बन्धित पक्षको वस्तुगत अध्ययन गर्नेछ । कार्यदलको अध्ययन तथा सिफारिसका आधारमा आवश्यक निर्णय लिइनेछ । कार्यदलले एक महिनाभित्र अध्ययन गरी प्रतिवेदन दिने जनाइएको छ ।

**सहसचिवको संयोजकत्वमा कार्यदल**

प्रधानमन्त्री कार्यालयका अनुसार कार्यदलको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका संस्थान हेर्ने सहसचिव रहनुहुनेछ । साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव, अर्थ मन्त्रालयका उपसचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव सदस्य रहनुहुनेछ ।

त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट दुई जना विज्ञ सदस्य मनोनित गरिनेछ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाका उपसचिव सदस्य-सचिव रहनुहुनेछ ।

कार्यदलले आफ्नो प्रतिवेदन एक महिनाभित्र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेस गर्नेछ । मिल पुनः सञ्चालनका सम्बन्धमा यसअघि लिइएका निर्णय तथा विभिन्न निकायबाट गठन भएका कार्यदलले पेस गरेका प्रतिवेदन, सुझाव र सिफारिसहरूको पनि कार्यदलले अध्ययन गर्नेछ ।

साथै मिल परिसरमा रहेका भवन, कारखाना, अन्य भौतिक संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्थासमेत अध्ययन गरिनेछ । सम्पत्ति तथा दायित्वसम्बन्धी विषयको फरफारकका लागि आवश्यक कानुनी तथा व्यावहारिक सुझाव सरकारलाई पेस गर्ने जिम्मेवारीसमेत कार्यदललाई दिइएको छ । *रासस*

स्थायी लेखा नं.: ३०१८५६६०५ दर्ता नं. ४३/०५४/०५५

सूर्यविनायक बहुउद्देश्यीय सहकारी संस्था लि.

सल्लाघारी, भक्तपुर, फोनः ०१-६६११११५०, ९८४५१८०७०५, Emaill: sbmsavings@gmail.com

## ऋणको सावाँ ब्याज भुक्तानी गर्नेसम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०४/२६**

श्री कृष्णराम बासुकला ज्यू,
भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. १०
परिवर्तित वडा नं. २

तपाईं धन जमानीकर्ता रही **विकी बासुकला** ऋणी र मन्दिरा बाटी साक्षी जमानत भएको यस संस्थाबाट २०८०/०३/२४ मा व्यापार व्यवसाय प्रयोजनको लागि रू. ६०,००,०००/- अक्षरेपी साठी लाख रकम कर्जा प्रवाह भएकोमा २०८०/०९/२८ को समय अवधि रहेको थियो । निर्धारित भाका अवधिभित्र सावाँ ब्याज तिर्न संस्थाका तर्फबाट पटकपटक ऋणीलाई सम्पर्क गर्न खोज्दा बेवास्ता गरेको हुँदा २०८०/१०/०४ मा च.नं. ३०/०८०/८१, मिति २०८१/०२/२४ मा च.नं. ५५/०८०/८१ को पत्रमार्फत तिर्न आग्रह गर्दा समेत ऋणीले बेवास्ता गरी बस्नुभयो । यसरी ऋणीले संस्थामा आई सावाँ ब्याज हर्जना तिर्नतर्फ अनदेखा गरेकोले भाका नाघेको ऋण चुक्ता गर्न आउनेबारे **३५ दिने सूचना** २०८२/०७/२२ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी २०८२/०९/०९ गते धितो लिलाम गर्नेबारे १५ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गरेकोमा केही दिनमा रकम बुझाउने भनी ऋणीले संस्थामा आई मौखिक जानकारी गरेकोले लिलाम प्रक्रिया रोकी संस्थाले ऋणीको प्रतिक्षा गरी आएकोमा हालसम्म निज ऋणी सम्पर्कमा आउनुभएन ।

सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम लगानी गरेको कर्जा उठाउनुपर्ने जिम्मेवारी रहेको यस संस्थाले कर्जा असुलीका लागि पटकपटक पत्राचार गर्दासमेत लगानी रकम नउठेकोले यस संस्थाको ऋण असुली तथा धितो लिलाम बिक्री आन्तरिक कार्यविधि २०८० बमोजिमको गठित ऋण असुली समितिसमक्ष धितोको पुनः मूल्याङ्कन भई प्रतिवेदन प्राप्त हुँदा उक्त धितो सुरक्षणमा रहेको भक्तपुर जिल्ला, झौखेल गा.वि.स. वडा नं. ८(ग) कि.नं. १२८७ को क्षेत्रफल ०-८-१-० को प्रतिआना रू. ७,७५,०००/- रहेको भनी चलनचल्तीको मूल्याङ्कन खुली आएको छ ।

यसरी **विकी बासुकला**को नाममा प्रवाह गरेको कर्जामा तपाईंको धितो रहेको र उक्त कर्जा ऋणीले चुक्ता नगरेकोले धितो सुरक्षणबाट सहकारीको कर्जा उठाउन सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सूर्यविनायक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको पुनर्लिखित विनियम २०७९ तथा ऋण असुली तथा धितो लिलाम बिक्री आन्तरिक कार्यविधि २०८० बमोजिम तपाईं जमानीकर्ताको तपसिलको जेथाबाट यस सहकारीको निम्न सावाँ ब्याज हर्जना रकम तपाईंले र.नं. १४६४ख मिति २०७७/११/२० मा सुरक्षणबापत दिएको जेथाबाट धितो लिलाम गरी असुल गर्नको लागि सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा पत्रसाथ संलग्न धितो लिलामसम्बन्धी **३५ दिने** सार्वजनिक सूचना प्रकाशित गर्न लागिएको व्यहोरा जानकारी गरिन्छ ।

**धितो विवरण** :

लितमान बासुकलाको नाति, अष्टमान बासुकलाको छोरा, भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. १० परिवर्तित ऐ वडा नं. २ बस्ने कृष्णराम बासुकलाका नाममा भूमि प्रशासन कार्यालय, भक्तपुरमा दर्ता स्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, झौखेल गा.वि.स. वडा नं. ८, सीट नं. ८ग कि.नं. १२८ को क्षेत्रफल ०-८-१-० सो जग्गाले चर्चेको लिगलगापात -------------

**सुजन छेंगुतला**
**संयोजक**
**कर्जा असुली तथा धितो लिलाम उपसमिति**

**। सम्पादकीय ।**

# कोभिड-१९ अमेरिकी प्रयोगशालामा उत्पन्न भएको थप पुष्टि

चीनको उहानमा सन् २०१९ मा कोभिड देखिएको आशङ्कालगत्तै चीनले विश्व स्वास्थ्य सङ्गठनलाई जानकारी गरायो । विश्व स्वास्थ्य सङ्गठनले आवश्यक अनुसन्धान गरी कोभिड-१९ भाइरस फैलिएको पत्ता लगायो । चीनले यो भाइरस नियन्त्रणमा आवश्यक सहकार्य गर्न संरा अमेरिकी राष्ट्रपति ट्रम्पलाई आग्रह गऱ्यो । त्यतिबेला ट्रम्प सन् २०१९ मा हुने अमेरिकी राष्ट्रपति चुनावको दोस्रो कार्यकालमा जित्ने मनसायबाट प्रचारमा थिए । त्यसकारण, ट्रम्पले चीनको आग्रहलाई बेवास्ता गरे । अन्ततः कोभिड-१९ भाइरस संसारभरि फैलियो । जनधनको अपूरणीय क्षति भयो । यो क्षतिको मूल्याङ्कन मौद्रिकमा गर्नसक्ने अवस्था छैन । ट्रम्प दोस्रो कार्यकालमा राष्ट्रपति भएनन् । डेमोक्रेटका बाइडेन राष्ट्रपति निर्वाचित भए ।

चीनले यो भाइरस संरा अमेरिकामा नै उत्पत्ति भएको बताएको थियो । तर, ट्रम्पले आफ्नो सरकारको कमजोरी लुकाउन कोभिड-१९ भाइरसलाई 'चिनियाँ भाइरस' र 'उहान भाइरस' को कल्गी लगाई प्रचार गराए । त्यतिबेला उहानमा पुगेका अमेरिकी सेनाले यो भाइरस फैलाएको चीनको मत थियो । अहिले आएर चीनको मत सत्य साबित भयो । त्यतिबेला ट्रम्पले कोभिड-१९ महामारीलाई सामान्य रुघाखोकी भनी बेवास्ता गर्दा संसारका अन्य जनतासँगै धेरै अमेरिकी नागरिक यो भाइरसको सिकार भएका थिए । भारतका प्रधानमन्त्री मोदीसमेत थाल ठटाएर र साँझ बत्ती निभाएर कोरोना भाइरस भगाउने अन्धविश्वासमा लागेका थिए ।

'नयाँ पत्रिका' दैनिक २०८३ साउन २५ गतेको अङ्कमा प्रकाशित भयो, "अमेरिकी पूर्ववरिष्ठ स्वास्थ्य अधिकारी डा. एन्थोनी फाउचीले चीनको उहानस्थित प्रयोगशालामा कोभिड-१९ को भाइरस बनाएर महामारी फैलाउन सघाएका थिए । अहिले यही आरोपमा फाउचीमाथि अमेरिकी सङ्घीय एजेन्सीले अनुसन्धान गरिरहेको छ ।" यो समाचारले चिनियाँ सरकार र अमेरिकी स्वास्थ्य अधिकारी फाउचीबिच मिलेमतो भएको देखाउँछ । तर, चिनियाँ अधिकारीहरू कुनै अमेरिकी अधिकारीसँगको मिलेमतोमा कोभिड-१९ भाइरस उत्पादन गर्ने जनद्रोही काममा लागे वा थिएन, छैन ।

संरा अमेरिकाको पब्लिक रिलिजन रिसर्च इन्स्टिच्युटको अनुसन्धानअनुसार कोभिड-१९ भाइरसलाई वैज्ञानिकले जानाजान प्रयोगशालामा विकास गरेको ३९ प्रतिशत अमेरिकीको विश्वास रहेको नयाँ पत्रिकाको समाचारमा उल्लेख छ । यस्ता जनद्रोही कोभिड-१९ भाइरस संरा अमेरिकी साम्राज्यवादका नेता र तिनका कठपुतली देशका शासकहरूले मात्रै आ-आफ्ना प्रयोगशालामा जानाजान उत्पादन गर्न निर्देशन दिन सक्छन् । चीनको राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टिकोणअनुसार त्यहाँका अधिकारीहरू यस्तो जनद्रोही भाइरस उत्पादनमा लाग्ने अवस्था थिएन, छैन । बाइडेनले फाउचीलाई आममाफी दिएर कोभिड-१९ भाइरस उत्पादनमा संलग्नताबाट मुक्त गरेको घटनालाई चीनसँग जोड्न खोज्नु गलत हो ।

अमेरिकी साम्राज्यवाद र योसँग सैन्य गठबन्धन गर्नेहरूले सन् १९५०-५३ सम्मको कोरिया युद्ध, सन् १९५५-१९७५ सम्म भियतनाम युद्धमा जिवाणु युद्ध गरेका थिए । संरा अमेरिकी सरकार एक ध्रुवीय नीति अर्थात् 'संसारमा आफै पहिलो हुनुपर्ने' नीतिमा छ । यो नीति कायम गर्न अमेरिकी शासकहरू आफ्नो अनुकूल नबस्ने देशका नेताहरूविरुद्ध विद्रोह, नाकाबन्दी, भन्सार करलगायत हत्यासमेतको उपाय लगाउँछन् ।

अफ्रिकी देश कङ्गोमा सन् २०१४ मा इबोला भाइरस देखिएको हो । सन् २०१८ मा पनि देखिएको इबोला भाइरसले यतिबेला गएको ११ सातामा १५ सय बढी कङ्गोवासी मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनले बतायो । विश्व स्वास्थ्य सङ्गठन कोभिड-१९, इबोलालगायत भाइरस नियन्त्रणमा लागेको अमेरिकी सरकारहरू रुचाउँदैनन् र यो सङ्गठनलाई बजेट रोकेर मानवताविरोधी काम गर्दै छन् ।

# सीआइएले यसरी झोस्यो भारत-चीन युद्धको आगो

✍ किट क्लारेन्बर्ग

सन् १९६२ को नोभेम्बर २१ देखि अक्टोबर २० गतेसम्म भारत र चीनबिच द्वन्द्व चल्यो । त्यो द्वन्द्वले भारतको तटस्थ परराष्ट्र नीतिमा ठेस पुग्यो । भारत पश्चिमा शिविरमा गयो । त्यसपछिका दशकहरूमा छिमेकी देशहरूसँग भारतको सम्बन्ध शत्रुतापूर्ण बन्यो । पेइचिङ र नयाँ दिल्लीबिचको सम्बन्ध रचनात्मक बन्न थालेको हिजोआज मात्र हो । यो सम्बन्धको आधार हो - साझा आर्थिक र राजनीतिक हित ।

हालै एउटा विस्तृत प्राज्ञिक अनुसन्धान भयो । मूलधारे मिडियाले बेवास्ता गरेको यो अनुसन्धानले भारत-चीन युद्ध कसरी अमेरिकी गुप्तचर निकाय सीआइएको नियोजित चलखेलको परिणाम थियो भन्ने तथ्य उजागर गरेको छ । यस क्षेत्रमा बेलायत र अमेरिकाका स्वार्थहरूको रक्षा गर्न त्यो खुराफात गरिएको थियो ।

भारत-चीन युद्ध सुरु हुनुअघि चीन र भारतबिच तनाव बढ्दै गएको थियो । तनावको ठुलो कारण थियो - तिब्बती पृथकतावादीहरूलाई सीआइएको सहयोग । उदाहरणका लागि - सन् १९५७ मा तिब्बती विद्रोहीहरूलाई सीआइएले गोप्य रूपमा अमेरिका ल्याएर तालिम दिएको थियो; तिनलाई प्यारासुटबाट तिब्बतमा अवतरण गराएको थियो र चीनको जनमुक्ति सेनालाई ठुलो क्षति पुऱ्याएको थियो । अर्को वर्ष गुप्त चलखेल झन् चर्कियो । सीआइएले तिब्बतमा थप हतियार र आवश्यक सरजाम खसाल्यो र हिंसात्मक विद्रोह भड्कायो । केही अध्ययनअनुसार त्यो हिंसामा झन्डै ८० हजार चिनियाँ जनमुक्ति सैनिक मारिएका थिए ।

तिब्बती विद्रोहीहरू मूलतः अमेरिका प्रायोजित हुन् तर भारतले पनि उनीहरूलाई उल्लेख्य सहयोग गरेको छ र आफ्नो भूमिलाई अखडा बनाएर चलखेल गर्न दिएको छ भन्ने विचारमा माओ त्सेतुङ सहमत थिए । सन् १९५९ को मार्च महिनामा विद्रोह चरमचुलीमा पुग्यो । विद्रोहीहरू ठुलो सङ्ख्यामा भागेर भारतमा शरणार्थी हुन गए । तिनका सीआइएसमर्थित नेता दलाई लामालाई भारतले शरण दियो । यी सबै घटनाक्रमपछि चिनियाँ नेताको आशङ्का थप बलियो भयो । मार्च विद्रोहको एक सातापछि चिनियाँ कम्युनिस्ट पार्टीको पोलिटब्युरो बैठक बस्यो । बैठकमा माओले 'भारतका चीनविरोधी गतिविधिहरूविरुद्ध प्रत्याक्रमण' को घोषणा गरे ।

उनले कम्युनिस्ट पार्टीका प्रकाशनहरूमा भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको 'कडा आलोचना' गर्न आह्वान गरे । उनले 'नेहरूलाई चिढाउनुपर्ने वा सम्बन्ध चुँडाउनुपर्ने स्थिति आए पनि (पेइचिङले) खुट्टा कमाउनु हुँदैन' भने । साथै, 'हामीले अन्तिमसम्म सङ्घर्ष गर्नुपर्छ' भने । अझ 'भारतीय विस्तारवादीहरू' लाई 'तिब्बत हडप्ने आसले चीनको आन्तरिक मामिलामा खुलेआम हस्तक्षेप' गर्न 'बेलायती साम्राज्यवादीहरू' सँग 'साँठगाँठ' गरेको औपचारिक आरोप लगाउनुपर्ने बताइयो ।

माओले भने, "यो मुद्दालाई यत्तिकै पन्छाउनु वा टार्नुहुँदैन ।"

त्यति नै बेला असंलग्न पराराष्ट्र नीति तथा समाजवादी अर्थनीतिप्रति नेहरूको प्रतिबद्धताले गर्दा उनलाई पश्चिमाहरूले पनि एकदम शङ्कालु आँखाले हेर्दै थिए । तसर्थ, चीनलाई लक्षित गरी आफूले चलाएका गुप्त गतिविधिमा बेलायत र अमेरिकाले नेहरूलाई पत्याएनन्; उनीसँग सहयोग मागेनन् । यसबिच सोभियत नेता निकिता ख्रुश्चेभले नेहरूलाई अति महत्त्वपूर्ण मित्र माने र उनीसँग सकारात्मक सम्बन्ध कायम गर्न चाहे । त्यही बेला चीन र सोभियत सङ्घको सम्बन्धमा फाटो आएको थियो । सन् १९५६ को फेब्रुअरी महिनामा ख्रुश्चेभले जोसेफ स्तालिनको शासनको निन्दा गर्दै कुख्यात गुप्त भाषण गरेपछि उनीहरूबिच मनमुटाव सुरु भयो र कालान्तरमा त्यो झन्झन् चर्कियो । भारत र तिब्बतको विषयले उनीहरू झन् टाढिए ।

**'एक हतियार'**



तिब्बतको मामिलामा नेहरूले लिएको नीतिको पेइचिङले निन्दा गऱ्यो । त्यसको एक महिनापछि सन् १९५९ को अगस्टमा भारतविरुद्ध पेइचिङले सुरु गरेको सूचनायुद्ध भौतिक द्वन्द्वमा बदलियो । दुई देशको सिमानामा हिंसात्मक झडपहरू भए । नेहरूले तुरुन्तै मस्कोसँग कुरा गरे; आफ्नो घनिष्ट मित्र (चीन) लाई सम्झाइदिन आग्रह गरे । फलतः सन् १९५९ को अक्टोबरमा माओको आवासमा एउटा बैठक बस्यो । ख्रुश्चेभ, उनका प्रमुख सहायकहरू र चिनियाँ कम्युनिस्ट पार्टीका शीर्षस्थ नेताहरूबिच बैठकमा चर्काचर्की नै भयो । उनले चिनियाँ समकक्षीहरूसँग कडा भाषा बोले; भारतसँग द्वन्द्व चर्किनु र तिब्बतमा अस्थिरता मच्चिनुमा चिनियाँ नेताहरूलाई 'तपाईंहरूको दोष छ' भने ।

ख्रुश्चेभले नेहरूसँग 'राम्रो सम्बन्ध बनाइरहनु' को महत्त्वबारे सचेत गराए । उनले 'नेहरूलाई सत्तामा टिकाइरहन सहयोग गर्नुपर्ने' तर्क गरे । उनले भने, "उनको ठाउँमा अर्को गतिलो मान्छे को हुन सक्ला ?" जवाफमा माओले 'भारतले तिब्बतलाई आफ्नो जस्तै मानेर व्यवहार गरेको' बताए । नेहरूलाई पेइचिङले समर्थन गरे पनि 'तिब्बतको प्रश्नमा हामीले उनलाई पछार्नुपर्छ' भने । त्यसपछि चिनियाँ कम्युनिस्ट पार्टीका अधिकारीहरूले पालैपालो सीमामा भइरहेका झडपहरू भारतले नै जबरजस्ती सुरु गरेको दाबी गरे । तर, ख्रुश्चेभले ती दाबीलाई उपेक्षा गरे ।

उनले व्यङ्ग्यपूर्वक भने, "अँ, तिनीहरूले नै गोली हान्न थाले र तिनीहरू नै ढलेर मरे नि ।" भारत-चीन विवादमा एक महिनादेखि सोभियत पक्षले तटस्थ रहने घोषणा गरेको हुनाले पनि चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूमा आक्रोश बढेको थियो । माओले गुनासो पोखे, "त्यो घोषणाले सारा साम्राज्यवादीहरूलाई खुसी बनायो । कम्युनिस्ट देशहरूबिच फाटो आएको सबैलाई थाहा भयो ।" यो सुनेर पनि ख्रुश्चेभको टोली टसकोमस भएन । आफूहरू सीआइएले वर्षौंअघि बिछ्याएको जालमा अनायासै फसेको कुरा बैठकका सहभागीहरूमध्ये कसैलाई थाहा थिएन ।

सन् १९५१ को सेप्टेम्बर महिनामा अमेरिकाको विदेश मन्त्रालयले एउटा गुप्त विज्ञप्ति जारी गरेको थियो । विज्ञप्ति भन्छ, "भारतलाई सचेत पार्न संरा अमेरिकाले तिब्बतलाई हतियारको रूपमा प्रयोग गर्ने प्रयास गर्नुपर्छ; भारतले कुनै पनि कम्युनिस्ट सरकारलाई रिझाउने प्रयास गरे के हुन्छ भनी देखाइदिनुपर्छ । खासगरी दक्षिणी र पूर्वी एसियामा चिनियाँ कम्युनिस्ट दबाबको कडा प्रतिकार गर्ने नीति भारतले स्वेच्छाले अपनाओस् । उसलाई त्यो स्थितिमा लग्न हामीले माहोल बनाउनुपर्छ ।" अर्को शब्दमा भन्नुपर्दा - तिब्बती स्वतन्त्रतालाई सहयोग गरे भारत-चीनबिच फाटो ल्याउन सकिन्छ भन्ने अमेरिकी विदेश मन्त्रालयको ठहर थियो । यस्तो स्थितिमा सोभियत सङ्घले एउटा न एउटा पक्ष लिनैपर्ने र पेइचिङसँग उसको सम्बन्ध झन् बिग्रिने सोचिएको थियो ।

सोही नीतिअनुसार तिब्बतमा अमेरिकाले दसौं वर्ष गुप्त चलखेल गऱ्यो । सन् १९५३ मा एलन डलेस सीआइए प्रमुख बने । त्यसपछि तिब्बतमा सीआइएको चलखेल ह्वात्तै बढ्यो । दोस्रो विश्वयुद्धताका अमेरिकी सेनाको तालिम केन्द्र रहेको रकी पर्वतमालाको क्याम्प हेलमा तिब्बती पृथकतावादीहरूका लागि अलग्गै गुप्त अड्डा निर्माण गरियो । अग्ला चट्टान र घना जङ्गलयुक्त त्यो इलाका तिब्बतसँग मिल्दोजुल्दो थियो । यसले गर्दा विद्रोहको अभ्यास गर्न सजिलो भयो । तिब्बतका अनगिन्ती लडाकुहरूलाई त्यहाँ धेरै वर्षसम्म तालिम दिइयो ।

त्यसबेला चीनमा अमेरिकाले जहिल्यै १४ हजार तिब्बती पृथकतावादीहरूको गुप्त फौज खडा गरिरह्यो । तिब्बती छापामारहरूलाई वासिङ्टनले आफ्नो पृथकतावादी धर्मयुद्धलाई इमानदारीपूर्वक सहयोग गरेझैं लाग्यो । यथार्थ अर्कै थियो । सीआइएको चासो पेइचिङलाई असुरक्षित बनाएर आफ्ना प्रतिद्वन्द्वीहरूको आर्थिक र सैन्य भार बढाउनु मात्र थियो । पछि दलाई लामाले पछुताउँदै भनेका थिए, "तिब्बती स्वतन्त्रता पुनर्स्थापित गर्नका निम्ति वास्तविक सहयोग गर्नेभन्दा पनि आफ्नो कम्युनिस्टविरोधी नीतिका कारण तिनीहरूले सहयोग गरेका थिए ।"

**'अझ ग्रहणशील'**

सन् १९६२ अक्टोबर आयो । तिब्बतमा सीआइएले चलाएका कारबाहीहरूका कारण चीन एकदम चिढियो । त्यही भएर जनमुक्ति सेना भारतमा घुस्यो । (चीनविरुद्ध 'फरवर्ड नीति' का कारण भारतीय सेनाले नाम्का चुमा 'लाइन अफ कन्ट्रोल' मिचेर चिनियाँ भूभागमा पसेको बारे यहाँनिर लेखक मौन छन् । यसर्थ, जनमुक्ति सेनाले अक्टोबर २० गते 'रिट्यालियट' वा प्रत्याक्रमण मात्र गरेको थियो । अनु.) सैन्य कारबाही अपरिहार्य रहेको विषयमा वासिङटन अवगत थियो । युद्ध सुरु हुनुभन्दा पाँच दिन अगाडि अमेरिकी विदेशमन्त्री डिन रस्कले एउटा टेलिग्राम प्राप्त गरे । त्यसमा 'गम्भीर द्वन्द्व' हुने भविष्यवाणीका साथै उक्त स्थितिमा अमेरिकाले लिनुपर्ने 'नीति' बारे विस्तारपूर्वक लेखिएको थियो । जसअनुसार अमेरिकाले प्रस्ट भाषामा 'भारतीयहरूप्रति सहानुभूति दर्शाउनुपर्ने र चिनियाँ हस्तक्षेपले निम्त्याएका समस्याहरू' बारे बोल्नुपर्ने भनिएको थियो ।

टेलिग्राममा एउटा महत्त्वपूर्ण सुझाव पनि थियो, "हाम्रो अभिव्यक्ति चिनियाँहरूलाई 'अमेरिका संलग्न छ' भनी आरोप लगाउने निहुँ नबनोस् भनेर संयमित हुनुपर्छ ।" दिल्लीले गोप्य रूपमा अमेरिकी सैन्य सामग्रीको 'सीमित खरिद' गर्न थालिसकेको थियो । तर, युद्ध सुरु भइसकेपछि वासिङटनले सक्रिय 'सहयोग दिन' नहुने टेलिग्राममा उल्लेख थियो । टेलिग्राम भन्छ, "सहयोग माग्ने जिम्मा भारतीयहरूको हो । (भारतले आग्रह गरे) हामीले सहानुभूतिपूर्वक उसको आग्रह सुन्नेछौं र तुरुन्तै ती सामग्रीको प्रभावकारी आपूर्ति गर्नेछौं ।"

टेलिग्राम भन्छ, "भारतीय सेनाका यातायात तथा सञ्चारका समस्याहरू हल गर्न संरा अमेरिकाले सहयोग दिँदै आएको छ । साथै, यातायात, सञ्चार र अन्य सैन्य सामग्रीका सम्बन्धमा भारत सरकारबाट आउन सक्ने यस्तो आग्रहका लागि तम्तयार रहन (अमेरिकी) विदेश मन्त्रालय र गृह मन्त्रालयले द्रुत सूचना आदानप्रदान तथा उसलाई मञ्जुर हुने सर्तहरूको सम्भाव्यता अध्ययन गर्दै छन् ।"

अमेरिकाले गरेको पूर्वानुमान मिल्यो । भारत-चीन द्वन्द्वले नेहरूलाई वासिङटनसँग सैन्य सहयोग माग्न बाध्य बनायो । नेहरूको याचनासँगै भारतको (विदेश) नीतिमा उल्लेख्य हेरफेर भयो । नयाँ दिल्लीको शासक वर्गले पश्चिमपरस्त नीति अङ्गीकार गऱ्यो । भारतीय सदनमा असंलग्न परराष्ट्र नीतिमाथि पुनर्विचार गर्नुपर्ने माग गुञ्जियो । अघि अमेरिकासँग कुनै पनि सम्बन्ध राख्नु हुँदैन भन्ने कम्युनिस्ट र समाजवादी दलहरूले समेत अमेरिकी सहयोगलाई स्वागत गरे । सीआइएको तिब्बत अपरेसनको जीत भयो ।

सन् १९६० को मे महिनामा अमेरिकी सरकारको गुप्तचर प्रतिवेदन 'राष्ट्रिय गुप्तचरी पूर्वानुमान' मा लेखियो, "तिब्बत मामिलामा नयाँ दिल्लीप्रति चिनियाँ आक्रमकताले गर्दा भारतीय नेताहरू कम्युनिस्ट चीनविरोधी अमेरिकी विचारप्रति बढी सहानुभूतिशील भएका छन् ।" एसियामा 'पेइचिङको क्षेत्रीय प्रभावलाई सन्तुलनमा राख्न बलियो पश्चिमको र खासगरी अमेरिकाको महत्त्वलाई बढी मनन' गरिएको प्रतिवेदनमा उल्लेख थियो । तर, सीआइएको निष्कर्ष अर्कै थियो - "नेहरूमा भारतको तटस्थ विदेश नीति बदल्ने मनसाय देखिन्न । भारतका धेरै नेताहरू अझै उनको सो नीतिमा अडिग रहेको देखिन्छ ।"

भारत-चीन युद्धपछि त्यो बुझाइ बदलियो । सन् १९६२ को डिसेम्बर महिनामा सीआइएले भारत-चीन द्वन्द्वको विश्लेषण गऱ्यो । त्यसमा नयाँ दिल्लीको 'रूपान्तरण' लाई स्वागत गरिएको थियो । 'दृष्टिकोण तथा प्रभावहरू' नाम दिइएको सीआइएको त्यस दस्तावेजमा पूर्वानुमान नै गरियो - दिल्लीको रूपान्तरणले 'पश्चिमाहरूका लागि नयाँ अवसरहरूको ढोका खुल्दै जानेछ । भारत 'खासगरी सैन्य क्षेत्रमा अमेरिका र बेलायतले प्रभावित गर्न सक्ने गरी पहिलेभन्दा अझ ग्रहणशील भएको' बताइयो । अर्कोतर्फ त्यस युद्धले भारतसँग सोभियत सङ्घको

*बाँकी पृष्ठ ६ मा*

# तिब्बतको उपद्रवको पृष्ठभूमि

✍ प्रा. माणिकलाल श्रेष्ठ

केही दिनयता चीनको स्वशासित क्षेत्र तिब्बतमा उपद्रव मच्चिँदै आएको छ, सार्वजनिक सम्पत्ति धेरै विनाश गरिदै आएको छ, केहीको ज्यान गएको छ । यी गतिविधिमा संलग्न भएकाहरूले यसलाई स्वयंस्फुर्त 'विद्रोह' अथवा 'जनता' को असन्तोष भनेका छन् । केहीले यसलाई 'चिनियाँ कब्जाबाट स्वतन्त्र हुने तिब्बती जनताको आन्दोलन' बताए । चिनियाँ अधिकारीहरूले यसलाई 'साम्राज्यवादी दलालहरू' र 'षड्यन्त्रकारी तत्त्वहरू' को निर्देशनमा भएको 'मुठीभरका आपराधिक हुल्याहाहरू' को 'ध्वंसात्मक तोडफोड' भनेका छन् । यस विषयमा निष्पक्ष र वस्तुगत विश्लेषण गरौं ।

**साँचो माग**

यो लेखकको विचारअनुसार जनतासँग आत्मनिर्णयको अधिकार छ र आफ्नो भाग्यको निर्णय गर्ने पूर्ण अधिकार हुन्छ । त्यसकारण, हरेक राष्ट्रसँग आफैलाई स्वतन्त्रतापूर्वक शासन गर्ने अधिकार सुरक्षित हुन्छ । यदि तिब्बती जनता त्यस्तो इच्छा राख्छन् भने तिनीहरूमा आफ्नो स्वतन्त्र राज्य स्थापना गर्ने र अलग्ग गर्ने अधिकार हुन्छ - यद्यपि मलाई विश्वास छ, तिब्बत चीनको भूभाग हो र धेरै पहिलेदेखि चीनको स्वायत्त प्रान्त रहँदै आएको छ । जनवादी गणतन्त्र चीनको स्थापनापछि चीनबाट तिब्बत 'कब्जा' को तथाकथित कथा आधारहीन छ र अन्तर्राष्ट्रिय समुदाय तथा तिब्बतबाट फालिएका सामन्ती दास मालिकहरूबाट प्रचारित नाङ्गो झूट हो । मुख्य प्रश्न 'स्वतन्त्र तिब्बत' तिब्बती जनताको साँचो माग हो वा तिब्बतका पूर्वसामन्ती शासक गुटको नारा हो ?

सन् १९३३ मा बेलायती आरोहीहरूले संसारको सर्वोच्च शिखर सगरमाथा नेपालको तर्फबाट चढ्न सुरु गरेको इतिहासले देखाउँछ । तिनीहरू उत्तरतर्फबाट चढ्ने बेला आरोही दलले बेलायती उपनिवेशको भारतीय सरकारबाट भनिएझैं तिब्बतको सरकार अथवा दलाई लामाको मन्त्रिमण्डल) 'कास्या' (Kasya) बाट होइन, चीनको केन्द्रीय सरकारबाट अनुमति खोजेको र पाएको थियो ।

सन् १९२३ मा चीनको तिब्बती प्रान्त र बेलायती उपनिवेशको भारतबिच सीमा रेखाङ्कन गर्न बेलायती भारत सरकार र चिनियाँ सरकारको प्रतिनिधि (तिब्बती सरकारको होइन) बिच सिम्ला वार्ता भएको थियो । बेलायती भारतबाट प्रस्तावित भारत र सिन्कियाङ (Sinkiang) र पश्चिमी तिब्बतबिचको म्याकमोहन ( McMohan) रेखालाई चीनको कोमिङताङ सरकारको प्रतिनिधिले अस्वीकार गरेको हुँदा वार्ता असफल भएको थियो ।

सन् १९५९ मा संरा अमेरिका र भारतले दलाई लामा र उसका सहयोगीहरूलाई भारतमा शरण जान उक्साएर चीनबाट तिब्बत अलग्ग गर्ने योजना बनाए । त्यसबेला संरा अमेरिकाले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा 'चिनियाँ कम्युनिस्ट पार्टीबाट तिब्बत कब्जा' को विषय उठायो र स्वतन्त्र तिब्बतको माग गऱ्यो । त्यसबेला चीनको तर्फबाट सुरक्षा परिषद्मा स्थायी प्रतिनिधित्व गर्ने कोमिङताङ सरकारका ताइवानी प्रतिनिधिले समेत तिब्बत चीनको अभिन्न अङ्ग भएको र चीनबाट कब्जा गरिएको भन्ने प्रश्न उठ्न नसक्ने बताए ।

सन् १९११ को सुरुमा डा. सनयात सेनले चीनको राजतन्त्र फालेर उदार प्रजातान्त्रिक गणतन्त्र स्थापना गरेको र चीनको पहिलो संसद् गठन गरेको बेला दलाई लामाको तिब्बतको सरकार (स्थानीय सरकार) ले चीनको संसद्मा तिब्बतको प्रतिनिधित्व गराउनुपर्ने माग राखेको थियो । त्यसपछि तिब्बतको निम्ति छुट्याइएको दुई स्थानमा दुईजना व्यक्ति तिब्बतले मनोनीत गरेको थियो ।

नेपालले तिब्बतमा आक्रमण गरेपछि सन् १७९१-९२ मा सुरु भएको नेपाल चीन युद्धको बेला तिब्बतको सरकारले चिनियाँ सम्राटलाई नेपाली गोर्खा सैनिकले 'सम्राट' (चीनको सम्राटको अर्थमा) को भूभागमा आक्रमण गरेको जाहेर गरेको थियो ।

तत्कालीन दलाई लामा (चिनियाँ सम्राटबाट दलाई लामाको पदवी पाउनु अगाडि नै) मरेको बेला तिब्बती अधिकारीहरूले चिनियाँ सम्राटबाट मान्यता प्राप्त गर्न मरेको दलाई लामाको दाहसंस्कार र राज्याभिषेक लामो समयसम्म स्थगित गरेका थिए । मान्यता पाएपछि मात्र दलाई लामाको दाहसंस्कार गरिएको थियो । यो घटनाले दलाई लामा पद सार्वभौम राज्यको शासक होइन, चीनको स्वायत्त प्रान्त तिब्बतको प्रशासन हेर्ने चिनियाँ सरकारबाट नियुक्त स्थानीय सरकार भएको पुष्टि गर्छ ।



साँचो अर्थमा तिब्बतको स्थानीय शासक दलाई लामाको नियुक्तिको परम्परा सन् १२५३ देखि मङ्गोल वंशका संस्थापक चङ्गेज खाँ (Founder of the Mongol–Dynasty) को छोरो कुबला खाँ (Kublai Khan) चिनियाँ सम्राटको समयदेखि सुरु भएको हो । कुबला खाँले (त्यसबेलाको एक मङ्गोलियाली भिक्षु) पाँचौं दलाई लामालाई सम्राटको मातृभाषा मङ्गोलियाली लिपिको आविष्कार वा परिकल्पना गरेको महत्त्वपूर्ण योगदान गरेकोमा तिब्बतको पछिल्लो दलाई शासकको रूपमा पुरस्कृत गरेको थियो ।

सन् १९५९ मा स्थापना भएको जनवादी गणतन्त्रको नयाँ चिनियाँ सरकारले तिब्बतलाई न गाभेको थियो न त कब्जा नै गरेको थियो । यसले सामान्यतः प्रजातान्त्रिक सुधार लागू गऱ्यो, सारमा पुरानो सामन्तवादी व्यवस्थाको अन्त्य गऱ्यो र दास मालिकहरूको सामन्ती शासन अन्त्य गऱ्यो । त्यसैकारण, फालिएको शासक गुटले तिब्बतमा चीनको उपस्थितिलाई विरोध गर्दै आएको हो ।

सन् १९५१ मा माओ त्सेतुङबाट भएको युगान्तकारी सुधारको महत्त्व स्पष्ट छ । जनवादी गणतन्त्र चीनको केन्द्रीय सरकारबाट सुधार हुनुअगाडि तिब्बतको ३२ लाख जनसङ्ख्यामध्ये २० लाख मानिस दासहरू थिए । यद्यपि १२ लाखमात्र दास मालिकहरू थिए । सन् १९५१ को ऐतिहासिक परिवर्तनले २० लाख दासहरूलाई मुक्त गऱ्यो र त्यसपछि उनीहरू नै तिब्बतको वास्तविक मालिक र आफ्नो भाग्यका मालिक भए । चिनियाँ कम्युनिस्टहरूबाट तिब्बती संस्कृतिको विनाश भएको भनी हो-हल्ला गर्नेहरू र तिब्बतको संस्कृतिको संरक्षणको कुरा गर्नेहरू वास्तवमा दास मालिकहरूको सामन्ती विशेषाधिकारको पुनःस्थापना चाहनेहरू हुन् ।

तिब्बती जनसङ्ख्याको अत्यधिक बहुमत भएका मुक्त दासहरू अहिले आफ्नो स्वायत्त प्रदेशको प्रशासनको नियन्त्रण गर्छन् । तिब्बतको पहिलेको प्रशासनमा शासक भिक्षु समुदायका सदस्यहरू धार्मिक कार्यमा मात्र सीमित थिएनन्, राज्य व्यवस्थाको मालिक पनि थिए । एक जना प्रख्यात जापानी बौद्ध भिक्षु एकाइ कावा गुची ( Ekai Kawa Guchi) ले बीसौं शताब्दीको शासक तिब्बती भिक्षुहरू धार्मिकमात्र थिएनन् दुष्ट र पाखण्डीसमेत भएको टिप्पणी गरेका थिए । त्यो टिप्पणी तिब्बतका सम्पूर्ण भिक्षुहरूको लागि लागू थिएन, बरु सामन्ती शासक भिक्षु गुटलाई मात्र लागू थियो ।

**उक्साउने काम**

सन् १९५९ मा दलाई लामा र उसका साथीहरूको सानो समूहले मुक्त भएको तिब्बतबाट नयाँ क्रान्तिकारी बन्दोबस्त उखेल्न अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसँग साठगाँठ गऱ्यो । त्यसो गर्न नसकेपछि तिनीहरू भारत भागे । अहिले उही गुटले संरा अमेरिकाको उक्साइमा तिब्बतमा समस्या निम्त्याउन कोसिस गर्दैछ । यस्तो अवस्थामा नेपाल सरकारले नेपाली माटोमा तिब्बतविरोधी गतिविधि हुन नदिन उच्च सतर्कता अपनाउनु आवश्यक छ ।

[Behind The Disturbances in Tibet–The Rising Nepal, 27 March 2008]

***स्रोत - तिब्बत : उपद्रव र यथार्थ २०६५***

# 'हर्मुज युद्ध' लाई कसरी अन्त्य गर्ने !



✍ एलन आइर

***(अमेरिकाको लागि सबैभन्दा कम खराब विकल्प भनेको इस्लामावाद सम्झौतापत्रको धारा ५ कार्यान्वयन हुन दिनु हो ।)***

अब स्पष्ट भएको छ कि संयुक्त राज्य अमेरिका इरानसँगको युद्धमा दलदलमा फसेको छ, जसबाट कसरी बाहिर निस्कने भन्ने स्पष्ट योजना उसँग छैन । पाँच महिनाभन्दा बढी समयदेखि छिटपुट रूपमा गरिएको इरानमाथिको बमबारीले तेहरानलाई आत्मसमर्पण गर्न अलिकति पनि नजिक ल्याएको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बारम्बार ठुलो सैन्य अभियान सुरु गर्ने धम्की दिए पनि इरान अमेरिकी मागहरू मान्न तयार छैन ।

यसैबिच अमेरिकी महत्त्वपूर्ण हतियारहरूको भण्डार घट्दै गएको, मध्यावधि चुनावतर्फ जाँदै गर्दा नागरिकमा लोकप्रियता तीव्र रूपमा घटिरहेको र हर्मुज जलडमरू बन्द हुँदा उत्पन्न भएको वस्तु अभावले बढ्दै गएको विश्वव्यापी आर्थिक सङ्कट; यी सबै कारणहरूले अमेरिकामाथि युद्ध अन्त्य गर्न राजनीतिक दबाब बढाइरहेको छ ।

यो परिस्थितिलाई ध्यानमा राख्दा, युद्ध अन्त्य गर्न राष्ट्रपति ट्रम्पसँग के विकल्पहरू छन् त ?

**'इरान युद्ध' देखि 'हर्मुज युद्ध' सम्म**

जब ट्रम्प प्रशासनले फेब्रुअरीको अन्त्यमा इरानमाथि युद्ध सुरु गरे, त्यसबेलादेखि नै उसका घोषित कारणहरू बारम्बार बदलिँदै गए । तर, कम्तिमा केही तर्क इरानको आणविक कार्यक्रमको खतरासम्बन्धी थियो । अघिल्ला वार्ताहरूमा अमेरिकाले इरानलाई स्वदेशी युरेनियम प्रशोधन नगर्न र आफ्नो ४४० किलो उच्च प्रशोधित युरेनियम आत्मसमर्पण गर्न दबाब दिएको थियो । इरानले अस्वीकार गऱ्यो र अन्ततः ट्रम्पले युद्धमा जाने निर्णय गरे ।

अमेरिका र इजरायलद्वारा आक्रमण भएपछि, इरानले तुरुन्तै हर्मुज जलडमरू बन्द गर्न छिटोछिटो कदम चाल्यो र त्यहाँबाट गुज्रने समुद्री यातायातलाई धम्की दियो । यद्यपि, यस्तो प्रतिक्रिया अपेक्षित नै थियो । वास्तवमा युद्ध सुरु हुनुअघि नै इरानले बारम्बार यस्तो धम्की दिएको थियो; तर अमेरिकी प्रशासन अनजानमा अलमल पऱ्यो र कुनै प्रभावकारी जवाफ दिन सकेन ।

मध्यपूर्वको तेल र प्रशोधित उत्पादनहरूको लागि एक महत्त्वपूर्ण अवरोधबिन्दुका रूपमा हर्मुज जलडमरूको महत्त्वलाई ध्यानमा राख्दा, जलडमरू बन्द भएपछि उत्पन्न हुने विश्वव्यापी आर्थिक परिणामहरू पछिल्ला पाँच महिनादेखि क्रमशः बढ्दै गएका छन् ।

त्यसैले, अमेरिकी प्रशासनको प्राथमिकता अब इरानलाई उसको आणविक कार्यक्रममा आत्मसमर्पण गराउन होइन, बरु हर्मुज जलडमरूलाई सकेसम्म चाँडो खोल्नमा केन्द्रित भएको छ ।

यद्यपि, त्यसो गर्न खोज्दा अमेरिकाले समस्या सामना गरिरहेको छ । एकातिर इरानले जलमार्गको सञ्चालनलाई आफ्नो राष्ट्रिय सुरक्षाका लागि आवश्यक र भविष्यमा सम्भावित अमेरिकी-इजरायली आक्रमण रोक्न रणनीतिक प्रतिरोधका रूपमा लिएको छ । अर्कोतिर अमेरिकी सेनाले जलमार्ग खोल्न र निरन्तर खुला राख्न सक्ने स्थिति छैन ।

आश्चर्यजनक रूपमा, इरानको भन्दा सय गुणा ठुलो सैन्य बजेट हुँदाहुँदै पनि अमेरिकी सेनाले इरानलाई पर्याप्त सैन्य शक्ति प्रदर्शन गर्नबाट रोक्न सकेको छैन, जसले जलडमरू हुँदै हुने समुद्री यातायातमा दीर्घकालीन खतरा उत्पन्न गरेको छ ।

ट्रम्पले बारम्बार इरानमाथि



**ओमानको मुसन्दमबाट देखिएको हर्मुज जलडमरूमा रहेका जहाजहरू, जून १५, २०२६ (रोयटर्स)**

प्रलयकारी विनाश गर्ने धम्की दिएका छन्, जसको उद्देश्य इरानी समाजलाई पर्याप्त पीडा दिनु र त्यसका नेताहरूलाई अमेरिकी मागहरू स्वीकार गर्न बाध्य बनाउनु हो । हालै उनले अमेरिकी निशानाहरूलाई विस्तार गर्दै इरानी नागरिक ऊर्जा केन्द्रहरूलाई समेत समावेश गर्न चेतावनी दिए । जुलाई ३१ को मन्त्रिपरिषद् बैठकमा उनले सञ्चारमाध्यमलाई भने, "हामी उनीहरूलाई निकै कडा प्रहार गर्नेछौं र कुनै बिन्दुमा उनीहरूले भन्नुपर्नेछ; हामी अब यो सहन सक्दैनौं ।"

एक दिनपछि, उनले आफ्नो धम्कीबाट पछि हटे, सम्भवतः उनले 'कडा प्रहार' गर्दा पनि इरानलाई आत्मसमर्पण गराउन सकिँदैन भन्ने बुझेका कारण ।

किन ? किनभने इरानको नयाँ कठोरपन्थी इस्लामिक रिभोलुसनरी गार्डस् कोर (क्ष्च्न्क्ष्) नेतृत्वको विश्वास छ कि अमेरिका र इजरायल इस्लामिक गणतन्त्रलाई समाप्त गर्न खोजिरहेका छन् । उनीहरूको धारणा छ कि अमेरिकी दबाबको सामना गर्दा कुनै सम्झौता गर्नु भनेको अझ बढी दबाब निम्त्याउनु हो ।

त्यसैले, अमेरिकी आक्रमण बढ्दा इरान आत्मसमर्पण गर्ने सम्भावना छैन, बरु खाडीको पूर्वाधारमाथि ठुलो प्रतिआक्रमण गर्ने सम्भावना बढी छ । त्यसैले, यदि अमेरिका इरानी शासनलाई सैन्य रूपमा 'ध्वस्त' गर्न तयार छैन अर्थात् हालसम्मभन्दा धेरै व्यापक रूपमा नागरिक पूर्वाधारमाथि बमबारी गरेर इरानलाई 'असफल राज्य' बनाउने स्तरसम्म लान सक्दैन भने भविष्यमा पनि अमेरिकी सैन्य बल प्रयोगले लक्ष्य हासिल गर्न सक्ने छैन ।

**सबैभन्दा कम खराब विकल्प**

आगामी यथार्थपरक विकल्पहरूबारे सोच्दा ध्यान दिनुपर्ने सबैभन्दा महत्त्वपूर्ण तथ्य यो हो कि अमेरिकी प्रशासन इरानसँग कूटनीतिमा विश्वास गर्दैन; कहिल्यै गरेको पनि छैन । यसले बलमा विश्वास गर्छ, चाहे दण्डात्मक कर तथा प्रतिबन्ध होस् वा दण्डात्मक बमबारी । जब उसले इरानसँग 'अर्थपूर्ण कूटनीति' को कुरा गर्छ, यसको अर्थ हुन्छ, "इरानले अमेरिकी मागहरू स्वीकार गर्नु ।"

अमेरिकी प्रशासन गम्भीर र दीर्घकालीन कूटनीतिमा संलग्न हुन अनिच्छुक भएकाले, यदि उसले इरानसँग जलडमरूबारे कुनै सम्झौता गर्न पनि सके, त्यसपछि आणविक कार्यक्रममाथि प्रभावकारी नियन्त्रण लगाउने प्रकारको वार्ता-सम्झौता कायम राख्न सम्भावना न्यून हुन्छ ।

अघिल्लो आणविक वार्ता कुल पाँच वर्ष (सन् २०१० देखि २०१५ सम्म) चलेको थियो; जसमा दुई वर्ष (२०१३-२०१५) गम्भीर र गहन वार्ता भएको थियो । तर, यो अमेरिकी प्रशासन अहिले असफल युद्धबाट थाकिसकेको छ र अन्य प्राथमिकताहरूमा केन्द्रित छ, त्यसैले यस्ता प्रक्रियामा संलग्न हुन इच्छुक हुने सम्भावना न्यून छ ।

अमेरिकी प्रशासन कूटनीतिमा संलग्न हुन अनिच्छुक र असमर्थ भएकाले, 'जलडमरू समस्या समाधान' गर्न वास्तविक वार्ता सम्भव छैन । त्यसैले, जूनमा हस्ताक्षर गरिएको इस्लामाबाद समझदारीपत्रको धारा ५ अनुसारको प्रक्रिया अघि बढ्न दिनु उपयुक्त हुन्छ । "इस्लामिक गणतन्त्र इरानले ओमानी सुल्तानेतसँग संवाद गर्दैछ, जसमा हर्मुज जलडमरूको भविष्यको प्रशासन र समुद्री सेवाहरू परिभाषित गरिनेछ, अन्य फारसी खाडीका तटीय राष्ट्रहरूसँग छलफल गर्दै, अन्तर्राष्ट्रिय कानुन र तटीय राष्ट्रहरूको सार्वभौम अधिकार अनुरूप ।"

यी इरान-ओमान वार्ता जारी छन् र समस्याको सबैभन्दा कम खराब समाधान निकाल्ने उत्तम सम्भावना यही हो । यस परिदृश्यमा, अमेरिकी प्रशासनले गर्नुपर्ने काम भनेको आवश्यक परे ओमानलाई सुझाव दिनु र अन्ततः दुबै पक्षले गरेको सम्झौतामा स्वीकृति दिनु मात्र हो । यस्ता कुनै पनि सम्झौतामा सम्भवतः अमेरिकाले इरानी बन्दरगाहमाथि लगाएको नौसैनिक नाकाबन्दी हटाउनुपर्नेछ, किनभने इरानले जलडमरू पुनः खोल्ने सर्तलाई यस नाकाबन्दी हटाइनेसँग जोडेको छ ।

यी इरान-ओमान वार्ताको परिणाम पूर्वानुमान गर्न सकिँदैन । तर, स्पष्ट कुरा यो हो कि ओमान र खाडी सहयोग परिषद् (न्क्ष्ऋ) का अन्य सदस्यहरू इरानसँग वार्ता गर्न अमेरिकाभन्दा बढी सक्षम र प्रेरित छन् । दुबै पक्षबिच महत्त्वपूर्ण भिन्नता छन् । खाडी राष्ट्रहरू युद्धपूर्वको यथास्थितिमा फर्किन चाहन्छन्; इरान भने 'नयाँ सामान्य अवस्था' चाहन्छ, जहाँ उसले हर्मुज जलडमरू हुँदै हुने समुद्री यातायातलाई नियन्त्रण गर्छ, सम्भवतः ओमानसँगको सहकार्यमा ।

दुर्भाग्यवश, इरानको जलडमरूमाथि रहेको रणनीतिक प्रभावलाई ध्यानमा राख्दा, कम्तीमा छोटो अवधिमा भने इरानले आफ्नो चाहना पूरा गर्ने सम्भावना बढी छ । यसले सम्भवतः जलडमरू हुँदै हुने समुद्री यातायातमाथि 'शुल्क' असुल्ने व्यवस्थासमेत समावेश गर्न सक्छ ।

यदि जलडमरूबारे कुनै सम्झौता हुन्छ भने, त्यो नाजुक हुनेछ । युद्धपूर्वको समुद्री यातायात स्तर लामो समयसम्म वा कहिल्यै फर्किने छैन । अमेरिकी सैन्य अड्डाहरू सोही क्षेत्रमै रहनेछन्; इरानमाथि अमेरिकी प्रतिबन्धहरू पनि कायम रहनेछन् । इरानको पक्षमा भने, उसले आफ्नो रक्षा-औद्योगिक आधार पुनर्निर्माण गर्ने प्रयास गर्नेछ, आगामी अमेरिकी-इजरायली आक्रमणको तयारीका लागि । अनि यही नै सम्भावित 'सबैभन्दा राम्रो परिदृश्य' हो ।

यस मूखतापूर्ण युद्धको सम्भावित विरासत शान्ति र स्थिरता होइन तर आर्थिक पीडा, क्षेत्रीय अस्थिरता र अमेरिकी प्रतिष्ठा र शक्तिको ठुलो ऱ्हास हो ।



दक्षिण भारतको केरला राज्यको कोजिकोडे जिल्लामा संयुक्त किसान मोर्चा र केन्द्रीय ट्रेड युनियनहरूको आह्वानमा किसानहरूको निम्ति बालीको निम्नतम समर्थन मूल्य र मजदुरहरूको रोजगारको सुरक्षा र निम्नतम ज्याला सुनिश्चितताको माग राखी भइरहेको आन्दोलनको आन्दोलनका क्रममा देशव्यापी जेल भरो अभियानको क्रममा गिरफ्तारी दिँदै किसान-मजदुर नेता कार्यकर्ताहरू अगस्ट १०, २०२६ सोमबार । *तस्बिर : सिपिआइएमको फेसबुकपेज*

# पश्चिमी युरोपमा रेकर्ड गर्मी

पेरिस, २५ साउन (एएफपी) । जलवायु परिवर्तनका कारण बढ्दो गर्मी, खडेरी र डढेलोबिच पश्चिमी युरोपले यस वर्ष जुन र जुलाईमा अहिलेसम्मकै सबैभन्दा तातो दुई महिना अनुभव गरेको छ । युरोपेली सङ्घ (इयु) को विश्वव्यापी तापक्रम अनुगमन प्रणाली कोपर्निकस क्लाइमेट चेन्ज सर्भिसले सोमबार सार्वजनिक गरेको तथ्याङ्कले यस क्षेत्रमा तापक्रमको नयाँ कीर्तिमान देखाएको हो ।

कोपर्निकसका अनुसार जुन-जुलाईमा पश्चिमी युरोपको संयुक्त औसत तापक्रम २१.६२ डिग्री सेल्सियस पुगेको थियो । यो सन् २०२२ को सोही अवधिमा कायम भएको अघिल्लो रेकर्डभन्दा बढी हो । यस वर्षको गर्मीमा लगातार उच्च तापक्रम र लामो समयसम्म कायम रहेको गर्मीको अवस्थाले असामान्य तातोको सङ्केत गरेको कोपर्निकसले जनाएको छ ।

युरोप विश्वमै सबैभन्दा तीव्र गतिमा तापक्रम बढिरहेको महाद्वीप हो । यस वर्षको गर्मीको सुरुवाती दुई महिनामा लगातार तातो हावा, उच्च तापक्रम, अत्यधिक सुख्खापन र खडेरी देखिएको छ । जुलाईमा पश्चिमी तथा मध्य युरोपका फ्रान्स, स्पेन, अस्ट्रिया र हङ्गेरीसहित बेलायत, आयरल्यान्ड तथा आइसल्यान्डका केही क्षेत्रमा समेत असामान्य रूपमा सुक्खा अवस्था देखिएको थियो ।

सन् २०२२ को गम्भीर खडेरीसँग तुलना गर्दा यस वर्ष जुलाईमा माटोको आर्द्रता अझ कम पाइएको कोपर्निकसले जनाएको छ । युरोपियन सेन्टर फर मिडियम-रेन्ज वेदर फोरकास्टकी सामन्था बर्गेसले गर्मी र खडेरीले एकअर्कालाई थप तीव्र बनाइरहेको बताउनुभयो । उहाँका अनुसार जलवायु परिवर्तनले चरम गर्मीलाई कसरी बढाइरहेको छ भन्ने पछिल्लो अवस्था त्यसको स्पष्ट उदाहरण हो ।

लामो समयको गर्मी र सुख्खापनका कारण युरोपका प्रमुख नदीमा समेत पानीको बहाव घटेको छ । सेन, राइन र डेन्युब नदीमा असामान्य रूपमा कम बहाव देखिएको छ । यसको असर जल यातायात, सिँचाइ तथा ऊर्जा उत्पादनमा परेको छ ।

तातो र सुक्खा मौसमले डढेलोको जोखिम पनि बढाएको छ । वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनसँगै युरोपमा अत्यधिक डढेलो लाग्न अनुकूल मौसमको आवृत्ति बढिरहेको छ । फ्रान्स र स्पेनले यस गर्मीमा पछिल्ला दशककै गम्भीर डढेलोसँग जुधेका छन् । युरोपका अन्य मुलुकसँगै अमेरिकाको उत्तरपश्चिमी क्षेत्र र क्यानाडामा समेत गम्भीर आगलागीका घटना भएका छन् ।

समुद्रको तापक्रम पनि उच्च

कोपर्निकसका अनुसार जुलाईमा विश्वका महासागरको औसत सतह तापक्रम लगातार दोस्रो महिनासमेत रेकर्ड उच्च रह्यो । जुलाईमा विश्वव्यापी औसत समुद्री सतहको तापक्रम २०.९६ डिग्री सेल्सियस पुगेको थियो । जुन सन् २०२३ मा कायम भएको अघिल्लो रेकर्डभन्दा बढी हो ।

कोपर्निकसका निर्देशक कार्लो बुओन्टेम्पोले भूमध्यसागर र एटलान्टिक महासागरका केही भाग असामान्य रूपमा तातेको बताउनुभयो । उहाँका अनुसार प्रशान्त महासागरमा विकसित भइरहेको शक्तिशाली 'एल निनो' विश्वव्यापी समुद्री तापक्रम बढ्नुको प्रमुख कारणमध्ये एक हुन सक्छ ।

जलवायु वैज्ञानिक बुओन्टेम्पोले अगस्ट ५ मा पत्रकारहरूसँग कुरा गर्दै अहिलेको एल निनो निकै शक्तिशाली रहेको र यसको आकारका दृष्टिले असाधारण हुन सक्ने बताउनुभएको थियो । उष्णकटिबन्धीय प्रशान्त महासागरबाट आउने तापक्रमको प्रभाव विश्वव्यापी मौसम प्रणालीमा महत्त्वपूर्ण हुने उहाँको भनाइ थियो ।

एल निनो प्राकृतिक जलवायु चक्रको त्यानो चरण हो । यस क्रममा उष्णकटिबन्धीय प्रशान्त महासागरको सतहको तापक्रम अस्थायी रूपमा बढ्छ र त्यसले विश्वका विभिन्न क्षेत्रमा खडेरी, बाढी तथा अन्य चरम मौसमलाई प्रभावित गर्न सक्छ । जीवाश्म इन्धनको प्रयोगबाट पहिले नै तातिरहेको पृथ्वीमा एल निनोले थप ताप थप्ने गर्छ ।

एल निनो सामान्यत: वर्षको अन्त्यतिर बलियो हुने र समुद्रमा सञ्चित तापक्रम वायुमण्डलमा प्रवेश गराउँदा विश्वव्यापी तापक्रम अझ बढ्ने गर्छ । पछिल्लो एल निनोले सन् २०२३ र २०२४ लाई क्रमश: दोस्रो र सबैभन्दा तातो वर्ष बनाउन योगदान गरेको थियो । वैज्ञानिकहरूले यस वर्षको अन्त्य वा सन् २०२७ को सुरुआतमा विश्वव्यापी औसत तापक्रमले नयाँ कीर्तिमान कायम गर्न सक्ने अनुमान गरेका छन् ।

तापक्रम वृद्धिको मुख्य कारण हरितगृह ग्यास

विश्वव्यापी रूपमा गत जुलाई औसत सतह तापक्रम १.४७ डिग्री सेल्सियससहित संयुक्त रूपमा दोस्रो सबैभन्दा तातो जुलाई बनेको कोपर्निकसले जनाएको छ । यो तापक्रम सन् १८५०-१९०० को पूर्वऔद्योगिक औसतभन्दा १.४७ डिग्री सेल्सियस बढी हो ।

पछिल्ला ११ वर्ष रेकर्डमा सबैभन्दा तातो वर्षका रूपमा रहेका छन् । कोपर्निकसका निर्देशक बुओन्टेम्पोले मानव जीवनकालमा र सम्भवत: आधुनिक सभ्यताको इतिहासमै यस स्तरको त्यानो अवस्था नदेखिएको बताउनुभयो । उहाँका अनुसार तापक्रम वृद्धिको मुख्य कारण हरितगृह ग्यासको बढ्दो मात्रा हो ।

मानव गतिविधिबाट उत्सर्जित कार्बनका कारण उत्पन्न अतिरिक्त तापको ठूलो हिस्सा महासागरले सोस्ने भएकाले पृथ्वीको जलवायु प्रणालीलाई सन्तुलित राख्न महासागरको महत्त्वपूर्ण भूमिका रहन्छ । तर समुद्रको तापक्रम अत्यधिक बढ्दा त्यसले ग्रहमा गम्भीर प्रभाव पार्न सक्छ । तातो समुद्रले शक्तिशाली आँधी र भारी वर्षालाई बढावा दिनुका साथै समुद्री पारिस्थितिक प्रणाली तथा कोरल रीफमा 'ब्लिचिङ' को समस्या निम्त्याउन सक्छ ।

कोपर्निकसले भूमि र समुद्रमा रहेका अरबौं उपग्रह तथा मौसमसम्बन्धी मापनबाट तथ्याङ्क सङ्कलन गरी जलवायु अवस्थाको विश्लेषण गर्दै आएको छ । यसको तथ्याङ्क सन् १९४० सम्मको अवधिसम्म फैलिएको छ ।

# पूर्वी चीनमा टाइफुन 'डल्फिन' कमजोर भए पनि यातायात प्रभावित

पेइचिङ, २५ साउन (एएफपी) । टाइफुन 'डल्फिन' कमजोर हुँदै गए पनि पूर्वी चीनमा सोमबार भारी वर्षा भएपछि सयौँ उडान रद्द भएका छन् भने केही क्षेत्रमा सार्वजनिक यातायात सेवा प्रभावित भएको छ ।

चीनको राष्ट्रिय मौसम विज्ञान केन्द्र (एनएमसी)का अनुसार आँधीले आइतबार झेजियाङ प्रान्तको तटमा दुई पटक प्रवेश गरेपछि शक्ति गुमाएको हो । केन्द्रले सोमबार बिहान आँधीसम्बन्धी सबैभन्दा न्यून तहको चेतावनी जारी गरेको छ ।

यद्यपि, पूर्वी तथा मध्य चीनका केही क्षेत्रमा सोमबार पनि भारी वर्षा जारी रहने एनएमसीले जनाएको छ । झेजियाङको पूर्वी तथा दक्षिणी क्षेत्रमा अधिकारीहरूले उच्च तहको बाढी चेतावनी जारी गरेका छन् ।

साङ्घाईका दुई प्रमुख विमानस्थलबाट हुने ९४३ उडान सोमबार रद्द गरिएको विमानस्थल प्राधिकरणले जनाएको छ । भारी वर्षाका कारण साङ्घाईमा केही स्थानीय रेलसहित सार्वजनिक यातायात सेवा पनि प्रभावित भएका छन् ।

झेजियाङको निङ्बो अन्तर्राष्ट्रिय विमानस्थलले स्थानीय समयअनुसार दिउँसोदेखि उडान सेवा पुन: सञ्चालन गर्ने जनाएको छ । तर आँधीको प्रभाव पूर्ण रूपमा हटिनसकेकाले केही उडान ढिलो वा रद्द हुन सक्ने विमानस्थलले चेतावनी दिएको छ ।

प्रान्तीय राजधानी हाङझाउमा आइतबार केही रेल सेवा रोकिएपछि सोमबार बिहानदेखि सबवे सेवा पुन: सञ्चालन गरिएको छ ।

यसैबिच, उत्तरी चीनमा पनि खराब मौसमको जोखिम बढेको छ । पेइचिङका पाँच जिल्लामा सोमबार भारी वर्षाका लागि उच्च तहको चेतावनी जारी गरिएको छ । अधिकारीहरूले बाढी र पहिरोको जोखिमबारे सतर्क गराएका छन् । टाइफुन 'डल्फिन' का कारण सप्ताहन्तमा चीनमा एक हजारभन्दा बढी उडान रद्द गरिनुका साथै दसौँ हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो ।

यसअघि दक्षिणी ग्वाङडोङ प्रान्तमा दुई साताअघि टाइफुन 'नोल' आएको थियो । अधिकारीहरूले उक्त आँधीलाई यस वर्ष चीनमा आएको सबैभन्दा शक्तिशाली आँधी बताएका थिए ।

गत महिना पनि दक्षिणी तथा मध्य चीनमा खराब मौसमका कारण ठूलो क्षति भएको थियो । ग्वाङ्सी क्षेत्रमा टाइफुन 'मेसाक' का कारण आएको बाढीमा ३९ जनाको मृत्यु भएको थियो भने मध्य हुबेई प्रान्तमा आएको आँधी र हावाहुरीमा ११ जनाको मृत्यु तथा ३३१ जना घाइते भएका थिए ।

# नौ अफगान निजी विश्वविद्यालयको इजाजतपत्र रद्द

काबुल, २५ साउन (एएनआई) । अफगानिस्तानको तालिबान प्रशासनले शैक्षिक मापदण्ड उल्लङ्घन, प्रशासनिक कमजोरी तथा अभिलेखमा नक्कली विद्यार्थी देखाइएको आरोपमा नौ निजी उच्च शिक्षा संस्थाको सञ्चालन इजाजतपत्र निलम्बन तथा खारेज गरेको छ ।

उच्च शिक्षा मन्त्रालयले आइतबार सार्वजनिक गरेको विवरणअनुसार सात निजी उच्च शिक्षा संस्थाको इजाजतपत्र एक वर्षका लागि निलम्बन गरिएको छ भने दुई संस्थाको इजाजतपत्र स्थायी रूपमा खारेज गरिएको छ । मन्त्रालयले सन् २०२६ को वसन्त सेमेस्टरमा गरिएको निरीक्षण तथा मूल्याङ्कनका आधारमा यस्तो निर्णय गरिएको जनाएको छ ।

एक वर्षका लागि इजाजतपत्र निलम्बन गरिएका संस्थामा जोज्जानको बार्लास विश्वविद्यालय, बल्खका राह-ए-सादत र तुर्किस्तान विश्वविद्यालय, बदख्शानका अजहर र बर्ना विश्वविद्यालय, फरयाबको रशद विश्वविद्यालय तथा काबुलको पायम विश्वविद्यालय रहेका छन् ।

मन्त्रालयका एक अधिकारीका अनुसार कुन्दुजको कोहान्डुज विश्वविद्यालय र तखरको खाना-ए-डेनिस विश्वविद्यालयको सञ्चालन इजाजतपत्र भने स्थायी रूपमा खारेज गरिएको छ ।

निरीक्षणका क्रममा केही संस्थामा वास्तविक रूपमा अध्ययन नगर्ने 'नक्कली विद्यार्थी' देखाइएको, विद्यार्थीको उपस्थितिको अभिलेख कमजोर रहेको तथा नियमअनुसार प्रतिबन्धित विद्यार्थीलाई समेत अन्तिम परीक्षामा सहभागी गराइएको पाइएको मन्त्रालयले जनाएको छ । त्यस्तै, आवश्यक प्रशासनिक तथा शैक्षिक संरचना पर्याप्त नरहेको पनि निरीक्षणबाट खुलेको बताइएको छ ।

विशेषगरी चिकित्सा शिक्षासम्बन्धी कार्यक्रममा प्रयोगशाला उपकरणको अभाव, मन्त्रालयबाट स्वीकृत पाठ्यक्रमअनुसार अध्यापन नगराइएको तथा मेडिकल विद्यार्थीलाई अस्पतालमा आवश्यक व्यावहारिक प्रशिक्षणका लागि पर्याप्त अवसर उपलब्ध नगराइएको विषयलाई मन्त्रालयले गम्भीर समस्या मानेको छ ।

कतिपय संस्थाले कक्षा सञ्चालनका लागि समयतालिका तयार गरेको भए पनि निरीक्षणका क्रममा निर्धारित कक्षाकोठा खाली भेटिएको पनि मन्त्रालयले जनाएको छ । यसबाट कागजी रूपमा शैक्षिक गतिविधि सञ्चालन भएको देखाइए पनि व्यवहारमा त्यसअनुसारको अध्यापन नभएको आशङ्का उत्पन्न भएको छ ।

अफगानिस्तानमा सन् २०२१ मा तालिबान सत्तामा फर्किएपछि उच्च शिक्षा क्षेत्र निरन्तर दबाबमा छ । विशेषगरी महिला तथा बालिकामाथि लगाइएका विभिन्न प्रतिबन्धका कारण विश्वविद्यालय तथा निजी उच्च शिक्षा संस्थाहरू प्रभावित हुँदै आएका छन् । पछिल्लो कारबाहीले निजी उच्च शिक्षा संस्थाको शैक्षिक गुणस्तर, प्रशासनिक व्यवस्थापन र सरकारी मापदण्डको पालना सम्बन्धमा तालिबान प्रशासनले निगरानी बढाएको सङ्केत गरेको छ ।

मन्त्रालयले निरीक्षणका क्रममा देखिएका कमजोरीका आधारमा संस्थाहरूलाई कारबाही गरेको जनाएको छ । इजाजतपत्र निलम्बन तथा खारेजीको निर्णयले अफगानिस्तानको निजी उच्च शिक्षा क्षेत्रमा सञ्चालन भइरहेका संस्थाको शैक्षिक तथा प्रशासनिक अवस्थामाथि थप प्रश्न उठाएको छ ।

# बलुचिस्तानमा सुरक्षा कारबाहीमा १५ लडाकु मारिए

इस्लामाबाद, २५ साउन (सिन्हवा) । पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा सुरक्षा बलले सञ्चालन गरेका विभिन्न गुप्तचरमा आधारित कारबाहीमा १५ जना लडाकू मारिएका छन् ।

पाकिस्तानी सेनाको सञ्चार शाखा इन्टर-सर्भिसेज पब्लिक रिलेसन्स (आइएसपीआर) का अनुसार प्रान्तका मास्तुङ, बोलान, वाशुक, अवारान, सिबी, खुजदार, हरनाई र नुश्की जिल्लामा ती कारबाही सञ्चालन गरिएको हो ।

कारबाहीका क्रममा १५ जना लडाकू मारिनुका साथै उनीहरूको साथबाट ठूलो परिमाणमा हतियार तथा गोलाबारुद बरामद गरिएको आइएसपीआरले जनाएको छ ।

सुरक्षा कारबाहीबाट लडाकूहरूको सञ्जालमा ठूलो क्षति पुगेको तथा उनीहरूको गतिविधि र आवतजावतमा अवरोध सिर्जना भएको सेनाले जनाएको छ ।

पाकिस्तानी सुरक्षा बलले आतङ्कवाद पूर्ण रूपमा उन्मूलन नभएसम्म लडाकूविरुद्धका कारबाही निरन्तर जारी राख्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

**सीआइएले...**

सम्बन्धलाई पेचिलो बनायो भने चीनसँग सोभियत सङ्घको सम्बन्ध झन् खराब भयो ।

सीआइएको दस्तावेज भन्छ, "सोभियत सङ्घले भारतसँगको निकट सम्बन्धलाई निरन्तरता दिने विषयलाई उच्च प्राथमिकतामा राख्नेछ । यद्यपि, भारतीय सेनामा दिगो प्रभाव जमाउने उसको अवसर गुमिसकेको छ । सम्भवत: उसले भारतलाई केही सैन्य सामग्री आपूर्ति गरिरहनेछ र भारतसँगको आर्थिक सम्बन्धलाई टिकाइराख्नेछ ।"

युद्धपछि नयाँ दिल्लीले बेलायत र अमेरिकाले चीनविरुद्ध गर्ने गुप्त सूचना सङ्कलनमा मद्दत गर्न थाल्यो । तिब्बतमा सीआइएले चलाउने विध्वंसकारी गतिविधिमा भारत सक्रियतापूर्वक संलग्न भयो । त्यसपछिका वर्षहरूमा भारत-चीन सम्बन्धमा त्यस युद्धको प्रेत मडारिरहयो । बेलाबेला दुई देशबिच सीमा झडपहरू पनि भइरहे । गत सेप्टेम्बरमा डोनाल्ड ट्रम्पले भारत लामो समयका लागि पेइचिङ र यसको निकटस्थ साझेदार रुसको 'पक्षमा गएको' दुखेसो पोखे । कैयन् दशकको प्रयासपछि अमेरिकाले भारत र चीनबिच चर्काएको शत्रुता भूराजनीतिक यथार्थको भारले गर्दा एकाएक सेलायो ।

*(किट क्लारेन्बर्ग खोज पत्रकार हुन् । उनले 'मिन्ट प्रेस न्युज' मा लेख्दै आएका छन् । उनी गुप्तचर निकायहरूले कसरी राजनीति र विचारधारालाई आकार दिँदै आएका छन् भनी अध्ययन गर्छन् । यसअघि उनका रचनाहरू 'द क्रेडल', 'डिक्लासिफाइड युके' र 'ग्रेजोन' मा प्रकाशित भएका थिए ।)*

**(स्रोत : एमआर अनलाइन । सम्यक)**

# स्तनपानको फाइदा र सही तरिका

✍ कृष्णशोभा प्रजापति

'दिगो जीवनको स्वस्थ सुरुआत प्रभावकारी स्तनपानको लागि सबैको साथ' भन्ने नाराका साथ गएको हप्ता (विश्व स्तनपान सप्ताह १६ देखि २२ साउन २०८३, अगस्ट १-७) विश्वभर विश्व स्तनपान सप्ताह मनाइयो। यो वर्ष दिइएको नारामा भनिएजस्तै सबै आमाले उनका बच्चाहरूलाई सधैँ २ - २ घण्टा अथवा बच्चा रोएको बेलामा स्तनपान गराउन सबैको साथ पाए होला त ? स्तनपान सप्ताहको एक हप्ता कार्यक्रम आयोजना गरेर मात्रै सबै आमाले उनका बच्चालाई पर्याप्त स्तनपान गराउन पाइन् त ? समयको परिवर्तनसँगै अहिलेका स्तनपान गराउनुपर्ने आमाहरू घरभित्र मात्रै सीमित छैनन्। घरसँगै कार्यालय, व्यवसाय सञ्चालन गरिराखेका छन्। यस्तो अवस्थामा बच्चाको स्तनपान गर्न पाउने अधिकार सुनिश्चित गर्न सबैको साथ चाहिन्छ। पर्याप्त स्तनपान गराउन र सुत्केरी स्याहारको लागि हाल नेपालमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमा कार्यरत महिला कर्मचारीहरूका लागि तलबसहितको सुत्केरी (प्रसूति) बिदाको कानुनी अवधि ९८ दिन (१४ साता) रहेको छ। यसलाई ६ महिनासम्म पुऱ्याउने प्रस्तावबारे चर्चा र तयारी भएसँगै भर्खरै सरकारले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ संशोधन गर्दै सुत्केरी महिलालाई हालको व्यवस्थाभन्दा बढाएर छ महिनाको प्रसूति बिदा दिने प्रस्ताव अघि सारेको छ।

विश्वका विभिन्न देशहरूमा तलबसहितको सुत्केरी बिदा एक वर्ष रहेको कुरा पनि हामीले सुन्दै आएका छौँ। तर, हाम्रो देशमा अझ भन्नु, हाम्रो वरिपरि सरकारी कार्यालयबाहेक अन्य स्थानहरूमा दुई महिना वा सोभन्दा थोरैमात्र बिदा भएको पाइन्छ। सम्पूर्ण कार्यक्षेत्रमा स्तनपान कक्ष हुनुपर्ने नियम भए पनि यस्तो कक्ष धेरै कम ठाउँमा मात्र देखिन्छ। यसबाट हामी प्रस्ट हुन सक्छौँ कि सरकारी नियम भए पनि त्यसको कार्यान्वयन हुनसकेको छैन। यसको असर हाम्रो भविष्यका कर्णधारहरूमा प्रत्यक्ष रूपमा पर्ने देखिन्छ। त्यसैले, स्वस्थ भविष्य बनाउनको लागि तीनैवटा सरकार, निजी क्षेत्र, समाज र घर परिवारले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यमा लगानीसँगै सबैले साथ र सहयोग गर्नैपर्छ। यसमा घर परिवार, समाज, सबै तहका सरकारको ध्यान जानुपर्ने आवश्यकता छ।

स्तनपान जीवनको प्रारम्भिक चरणको पहिलो तथा महत्त्वपूर्ण आधार हो। यो बच्चाको जीवनरक्षा, वृद्धि र विकास सुनिश्चित गर्ने सबैभन्दा प्रभावकारी र सस्तो उपाय हो। बच्चा र आमाबिचको स्नेह बढाउनको साथै बच्चाको शारीरिक तथा मानसिक विकासका लागि स्तनपान महत्त्वपूर्ण हुन्छ। स्तनपान गराउनु महिला तथा आमाको अधिकार हो। स्तनपानसम्बन्धी सही शिक्षा र परामर्शले स्तनपानको दर वृद्धि गर्न सकिन्छ।

**स्तन र यसले काम गर्ने तरिका**

स्तन महिलाको शरीरको कार्यशील अङ्ग हो। यसले बच्चा जन्मेदेखि धेरै महिनासम्म एक वा बढी बच्चाहरूलाई पूर्ण रूपमा पोषण दिन सक्छ।

स्तन छाला, छातीका मांसपेशी, रक्तनली, स्नायु, बोसो र दूध उत्पादन गर्ने तन्तुहरूबाट बनेको हुन्छ। स्तनभरि नै प्रमुख रूपमा बोसोयुक्त तन्तु हुन्छ र यसले नै स्तनलाई कमलो वा नरम बनाएको हुन्छ र एक निश्चित आकार दिएको हुन्छ। स्तनको मुन्टो अर्थात् निप्पल (Nipple) वरपरको गाढा र गोलो भाग एरिओला (Areola) हो। एरिओलामा भएका मोन्टगोमेरी ग्रन्थिहरू (Montgomery Glands) ले तेलजस्तो पदार्थ निकाल्दछ, जसले निप्पललाई सुरक्षित राख्छ र त्यहाँ किटाणु - ब्याक्टेरिया (Bacteria) वृद्धि हुन नदिन सहयोग गर्छ। स्तनभित्र स्तन ग्रन्थिहरू (Mammary Gland) हुन्छन्, जसमा एल्भियोली (Alveoli) अर्थात् दूध उत्पादन गर्ने कोषहरू हुन्छन्। बच्चाले चुस्दा, दूध यी एल्भियोलीबाट निस्कन्छ। दूध वाहक नलीहरू (Milk ducts) ले दूध एल्भियोलीबाट निप्पलसम्म ल्याउँछन्। प्रत्येक निप्पलमा १५ देखि २५ वटा दूध नली खोल्ने स्थान हुन्छ, जसमा करिब ८ वटा एकैपटक सक्रिय रहन्छन्। स्तनमा गर्भवती हुँदा, गर्भावस्थामा र स्तनपान गराउने समयमा विभिन्न परिवर्तनहरू आउँछ। बच्चाले स्तनको मुन्टो मात्रै चुस्ने नभई एरिओलासमेत चुसेर स्तनपान गर्ने हुँदा स्तनको मुन्टो समतल वा भित्र पसेको जे भए पनि स्तनपान गराउन सकिन्छ। साथै शिशु/बच्चाले चुसेको स्पर्शसँगै स्तनको मुन्टो बाहिर निस्कन्छ र स्तनपान गराउन सकिन्छ।

**स्तनपान गराउने समयमा हुने परिवर्तनहरू :**

जब साल (Placenta) बाहिर निस्कन्छ, त्यसपछि हर्मोनहरूले एल्भियोलीलाई बिगौती दूध (Colostrum) बनाउन थप सक्रिय बनाउँछ। आमाले दोस्रो त्रैमासिक (Trimester) देखि नै बिगौती दूध बनाउन थालिसकेकी हुन्छिन्। बिगौती दूधमा सबै आवश्यक पोषकतत्त्व र सङ्क्रमणविरुद्ध लड्ने तत्त्व (रोगप्रतिरोधात्मक एन्टिबडी) हुन्छ। सुत्केरी भएको पहिलो तीन दिनमा थोरै मात्रामा बिगौती दूध बन्छ, तर यो नै नवजात बच्चाको लागि पर्याप्त हुन्छ। नवजात बच्चाको पेटको आकार झन्डै एक सानो गोली (गुच्चा) जस्तो (५ देखि ७ मिलिलिटर मात्र अटाउने) हुन्छ। आमाले बच्चालाई स्तनमा लगाई चुसाउन थालेपछि आमाको मस्तिष्कमा जाने सन्देशले दुई प्रकारका हर्मोनहरू निकाल्न मद्दत गर्छ।

१. पहिलो हर्मोन प्रोल्याक्टिन (Prolactin) हो, जसले आमाको शरीरलाई दूध उत्पादन गर्न लगाउँछ। बच्चाले जति पटक स्तन चुस्छ, आमाको शरीरले त्यत्ति नै पटक दूध बनाउँछ। यस प्रक्रियालाई 'मागअनुसार आपूर्ति (Supply and demand)' भनिन्छ। बच्चाले जति धेरै स्तनपान गर्छ, आमाको शरीरले त्यति नै धेरै दूध उत्पादन गर्छ।

२. दोस्रो हर्मोन अक्सिटोसिन (Oxytocin) हो, जसले दूध निकाल्ने प्रतिक्रिया (Milk-ejection reflex) वा लेट-डाउन रिफ्लेक्स (Let down reflex) सुरु गराउँछ। यो प्रतिक्रिया त्यतिबेला हुन्छ जब एल्भियोलीहरूले दूधलाई दूध वाहक नलीहरू (Milk ducts) मा छोड्छन्। लेट-डाउन हुँदा आमालाई सिरसिराउने वा चिलचिलाउने अनुभूति हुन सक्छ तर यो सबैले महसुस नगर्न पनि सक्छन्।



प्रसूति पछिका २ देखि ४ दिनमा परिपक्व दूध (Mature milk) आउन थाल्छ र स्तनहरू भरिएको महसुस हुन्छ। बारम्बार स्तनपान गराउँदा यो असहजता कम हुन्छ। यो असहजता अस्थायी हो र आमाको दूधको उत्पादन बच्चाको आवश्यकताअनुसार मिल्न थालेपछि सामान्य हुन्छ।

बच्चा जन्मेपछि जति सक्दो छिटो (पहिलो १ घण्टाभित्रै) आमाको दूध चुसाउनुपर्छ। बच्चालाई पहिलो १ घण्टाभित्रै स्तनपान गराउनुका धेरै फाइदाहरू छन् :

- बच्चा जन्मेपछि सुरुमा आउने बिगौती दूधमा रोगसँग लड्ने शक्तिशाली तत्त्वहरू हुन्छन्, जुन बच्चाको सुरक्षाका लागि अमूल्य हुन्छ।
- यो दूधले बच्चाको शारीरिक विकास र प्रतिरक्षा प्रणाली बलियो बनाउँछ।
- जन्मेपछि तुरुन्तै स्तनपान गराउँदा आमामा दूध उत्पादन प्रशस्त हुन्छ, जसले गर्दा पछि दूध नपुग्ने समस्या कम हुन्छ।
- यसले आमालाई पनि फाइदा पुऱ्याउँछ, सालनाल चाँडै झर्न मद्दत गर्छ र अत्यधिक मात्रामा रगत बग्नबाट जोगाउँछ।

बच्चालाई जन्मेदेखि ६ महिनासम्म केवल आमाको दूध (अर्थात् स्तनपान मात्र) खुवाउनुपर्छ। ६ महिना पूरा भएपछि अर्थात् १८० दिन पछि बच्चाले अन्य पूरक खाना खान थाल्छ, तर त्यसपछि पनि कम्तीमा २ वर्ष वा सोभन्दा बढी समयसम्म आमाको दूध खुवाइरहनुपर्छ। ६ महिना पछि पूरक खाना सुरु भए पनि आमाको दूधले अझै बच्चालाई आवश्यक शक्ति, पोषकतत्त्व र रोगसँग लड्ने प्रतिरोधात्मक शक्ति प्रदान गर्छ। ६ महिनासम्म केवल आमाको दूध नै बच्चाको लागि पर्याप्त आहार हो। यसमा नवजात शिशु/बच्चाको भोक र तिर्खा मेटाउने सबै गुणहरू र आवश्यक सबै पोषक तत्त्वहरू हुन्छन्। आमाको दूधमा बच्चालाई पुग्ने पर्याप्त मात्रामा पानी पनि हुने हुँदा ६ महिनासम्म पानी पनि खुवाउनुपर्दैन। गर्मी याममा पनि बच्चालाई चाहिने पानीको मात्रा आमाको दूधमा पर्याप्त हुन्छ।

स्तनपान गराउँदा बच्चा र आमालाई मात्र नभई, परिवार र समुदाय वा राष्ट्रलाई पनि फाइदा हुन्छ। स्तनपानबाट बच्चालाई हुने फाइदाहरू :

- ६ महिना पूरा नभएसम्म बच्चाको वृद्धि र विकासका लागि आवश्यक सम्पूर्ण पोषक तत्त्वहरू बच्चाले सन्तुलित र पर्याप्त मात्रामा पाउँछ।
- आमाको दूध बच्चाले सजिलै पचाउन सक्छ।
- दिमागको विकासमा मद्दत गर्छ र बच्चालाई स्वस्थ राख्छ।
- रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउँछ। दूधमा रहेको प्रतिरोधात्मक तत्त्वले बालबालिकाको आन्द्राको रक्षा गर्छ र हानिकारक तत्त्वहरूलाई रगतसम्म पुग्न दिदैन। यसले एलर्जीविरुद्ध पनि रक्षा गर्छ।
- आमाको दूध शुद्ध र सुरक्षित पानीको स्रोत पनि हो।
- आमाको शरीरमा टाँसिएर स्तनपान गर्दा बच्चाको श्वासप्रश्वास, मुटुको धड्कन र शरीरको तापक्रम सन्तुलनमा रहन्छ।
- यसले गिजा र दाँतको विकास गर्न सहयोग गर्नुका साथै दूध चुसाइले अनुहारको मांशपेशिको विकास गर्न सहयोग गर्छ।
- आमासँग पटक-पटक टाँसेर राख्ने हुँदा स्नेहपूर्ण सम्बन्ध बन्छ जसले बालबालिकाको मानसिक, शारीरिक तथा सामाजिक विकास गर्न पनि सहयोग गर्छ। स्तनपानले ६ महिना पछि पनि बालबालिकाको पोषणको धेरै आवश्यकताहरू पूरा गर्छ।

**स्तनपानबाट आमालाई हुने फाइदाहरू :**

- शिशु जन्मनेबित्तिकै आमाको दूध चुसायो भने सालनाल छिट्टै बाहिर निस्कन्छ किनभने शिशुले दूध चुस्दा पैदा हुने उत्तेजनाले पाठेघर खुम्चन्छ र शिशु जन्मेपछि बढी रगत बग्ने खतरालाई घटाउँछ।
- नवजात शिशु/बच्चालाई स्तन चुसाउनाले दूध उत्पादन बढ्न सहयोग गर्छ र स्तन गानिने जोखिम घटाउँछ।
- आमाको कामको भारलाई घटाउँछ। पानी उमाल्न इन्धन जुटाउने, दूध बनाउने आदि काम गर्नुपर्दैन। आमाको दूध जुनसुकै बेला र जहाँ पनि खुवाउन सकिन्छ। यो सधैँ सफा, पोषिलो र ठीक तापक्रमको हुन्छ।
- स्तन र पाठेघरको क्यान्सर हुने जोखिम कम हुन्छ।
- महिनावारी नफर्किएको अवस्था तथा शिशु जन्मेको पहिलो ६ महिनासम्म प्रभावकारी पूर्ण स्तनपान गराएमा (९८ प्रतिशत) गर्भ निरोधकको रूपमा काम गर्छ।
- मानसिक तनाव कम गर्न सहयोग गर्छ।
- कम खर्चिलो विधि भएकाले आर्थिक रूपमा सजिलो हुन्छ।
- आमा र बच्चाबिचको आत्मीयता अझ बलियो बनाउँछ।

**स्तनपानबाट परिवारलाई हुने फाइदाहरू :**

- अन्य दूध किन्ने पैसाको बचत हुन्छ। दाउरा, अरु इन्धन खर्च हुँदैन। यो बचेको पैसाले परिवारमा जरुरी परेका अन्य कुराहरू किन्न सकिन्छ।
- अन्य दूध खुवाउँदा बालबालिका बिरामी भएर लाग्ने औषधि खर्च हुँदैन। आमा र बालबालिका दुवै स्वस्थ रहन्छन्।
- समयको बचत हुन्छ किनभने आमाको दूध सधैँ तयारी र भनेको समयमा पाइन्छ।

**स्तनपानबाट समुदाय वा राष्ट्रका लागि हुने फाइदाहरू :**

- अन्य कृत्रिम दूध आयात गर्नुपर्दैन, जसबाट राष्ट्रिय आम्दानी बचत हुन्छ र यसलाई अरु कुनै काममा खर्च गर्न सकिन्छ।
- स्वस्थ बालबालिका पछि स्वस्थ नागरिक बन्छन् र देशको विकासमा सहयोग पुऱ्याउँछन्।
- बाल रोगहरूमा आउने कमीले यसको उपचारमा हुने राष्ट्रिय खर्च घटाउँछ र बाल मृत्युदर पनि घट्छ।

**स्तनपान गराउने सही तरिका**

स्तनपानको समयमा आमालाई सामान्य सरसफाइबाहेक स्तनको खासै अतिरिक्त हेरचाह आवश्यक पर्दैन। तर, केही कुराहरूको ख्याल गर्नुपर्छ जस्तै :

- स्तनको मुन्टोमा साबुन प्रयोग गर्नुहुँदैन किनभने साबुनले स्तनको मुन्टोलाई सुरक्षा प्रदान गर्ने प्राकृतिक तरल पदार्थ हटाएर छाला सुख्खा बनाउँछ जसले गर्दा स्तनको मुन्टो चिरा पर्ने सम्भावन बढ्छ। त्यसैले, यसको प्रयोगबाट जोगिनु राम्रो हुन्छ।
- स्तनको राम्रो हेरचाह गर्ने प्रभावकारी तरिका भनेको हरेक पटक स्तनपान गराउँदा सही आसनमा बसेर बच्चालाई स्तनसँग सही सम्पर्कमा राखी स्तनपान गराउनु हो ताकी बच्चाले राम्रोसँग दूध चुस्न सकोस्।
- प्रत्येक स्तनपानपछि केही थोपा दूध स्तनको मुन्टोमा लगाएर सुक्न दिनुपर्छ। यसले स्तनको मुन्टोलाई नरम राख्न र सङ्क्रमणबाट बचाउन मद्दत गर्छ।

बच्चाले यी सङ्केतहरू देखाएमा दूध खान चाहेको हो भन्ने कुरा थाहा पाउन सकिन्छ :

**स्तनपान गराउने आसनहरू**

नवजात शिशु/बच्चाले प्रभावकारी रूपमा दूध चुस्न सकोस्, दूध राम्रोसँग निखियोस् र पर्याप्त मात्रामा दूध आपूर्तिका लागि उत्तेजना सिर्जना होस् भन्नका लागि सही आसन र सही स्तन सम्पर्क महत्त्वपूर्ण हुन्छ। गलत सम्पर्क भएमा दूध राम्रोसँग निखिँदैन जसले गर्दा आमाको स्तन थुनिलो हुने, चिरिने र दुख्न सक्ने सम्भावना हुन्छ र बच्चाको वृद्धि-विकास पनि राम्रोसँग हुन पाउँदैन। त्यसैले, सही आसन र सही स्तन सम्पर्कको बारेमा जानकारी राख्न आवश्यक छ। बच्चालाई स्तनपान गराउने आसनहरू यस प्रकार छन् :

सही आसनमा स्तनपान भइरहेको छ कि छैन भन्ने निम्न सङ्केतहरूबाट थाहा पाउन सकिन्छ :

- आमा तनावमुक्त भई आरामसँग बसेकी हुन्छिन्।
- बच्चाको शरीर आमाको पेटसँग टाँसिएको हुन्छ।
- बच्चाको टाउको र शरीर सीधा रहन्छ र आमातर्फ फर्किएको हुन्छ।
- आमाले बच्चाको पुरै शरीरलाई राम्रोसँग आड दिएकी हुन्छिन्।

बच्चाले सही तरिकाले स्तनपान गरेको छ कि छैन भनेर थाहा पाउन निम्न सही स्तन सम्पर्कका सङ्केतहरू हेर्नुपर्छ :

- बच्चाको मुख पूरा खुला भएको हुनुपर्छ।
- बच्चाको तल्लो ओठ बाहिरतिर फर्केको हुनुपर्छ।
- बच्चाको जिब्रो आमाको स्तनको मुनिपट्टि परेको हुनुपर्छ।
- बच्चाको चिउँडोले आमाको स्तनलाई छोएको हुनुपर्छ।
- आमाको स्तनको मुन्टो वरिपरिको माथिल्लो कालो भागभन्दा तल्लो कालो भाग बच्चाको मुखभित्र हुनुपर्छ।

**दूध खुवाउने समय**

दूध खुवाउँदा एउटा स्तनमा कम्तीमा १५ मिनेटसम्म चुसाउनुपर्छ। आमाको स्तनबाट सुरुमा आउने दूधमा पानीको मात्रा बढी हुन्छ त्यसले बच्चाको तिर्खा मेटाउँछ भने, पछि आउने दूधमा बच्चाको भोक मेटाउने पोषकतत्त्वहरू पहिलेकोमा भन्दा बढी हुन्छ। त्यसैले १५ मिनेटसम्म एउटा स्तनबाट दूध चुसाउँदा बच्चाले अघाउञ्जेलसम्म दूध चुस्न पाउँछ र बच्चालाई चाहिने पोषणयुक्त दूध पनि खान पाउँछ। एउटा स्तनमा दूध निखेपछि पनि यदि बच्चा अघाएन भनेमात्र अर्को स्तन चुसाउनुपर्छ। एउटा स्तनको दूध ननिखिँदै अर्को स्तन चुसाउने गर्नुहुँदैन त्यसो गर्दा नवजात शिशु/बच्चाले पौष्टिक गुण भएको पछि आउने दूध खान पाउँदैन। साथै, पहिले आउने दूध वा कहिलेकाहीँ स्तनपान गराउँदा दूध पातलोजस्तो देखिए तापनि गुणस्तरमा भने केही कमी हुँदैन र बच्चालाई चाहिने सबै पोषक तत्त्वहरू पाइन्छ। आमाले आफ्नो बच्चाको आवश्यकताअनुसार स्तनपान गराउनुपर्ने हुन्छ। आमालाई बच्चाले धेरैपटक दूध खाइसकेको जस्तो लागे पनि, यदि बच्चाले दूध खान खोजेको रोजेको सङ्केत देखाउँछ भने आमाले स्तनपान गराउनुपर्छ। नवजात शिशु/बच्चालाई दिन र रात गरेर कम्तीमा १० देखि १२ पटकसम्म स्तनपान गराउनुपर्छ।

**बच्चालाई सही तरिकाले डकार (ढ्याउ) गराउने तरिका :**

स्तनपान गर्ने बच्चाहरूले बोतलबाट दूध पिउने बच्चाहरूभन्दा कम हावा निल्ने गर्छन्, त्यसैले उनीहरूलाई बारम्बार डकार गराउन आवश्यक नपर्न सक्छ। बच्चा चिढिनु, छटपटिनु वा बारम्बार स्तनबाट टाढा जानुजस्ता सङ्केतहरू देखिएमा, बच्चालाई डकार (ढ्याउ गराउनुपर्ने) चाहिएको सङ्केत हुनसक्छ। आमाले बच्चालाई दूध खुवाउनु अघि, दोस्रो स्तन दिनुअघि र स्तनपानपछि डकार गराउन सक्नुहुन्छ। डकार गराउने चार तरिकाहरू यस प्रकार छन् :

**स्तनपान गराउने आमाको खानपिन**

पर्याप्त र गुणस्तरीय दूध आओस् भन्नका लागि आमाले कुनै छुट्टै किसिमको विशेष खानेकुरा नै खानुपर्छ भन्ने छैन तर स्तनपान गराइरहेकी आमाले दैनिक खाने गरेको भन्दा थप २ पटक खाना खानुपर्छ र हरेक दिन खानामा अन्न, गेडागुडी, फलफूल तथा तरकारी र पशुपक्षीजन्य स्रोतका खानेकुराहरू हुनुपर्छ, 'हरेक बार खाना चार' भन्ने मन्त्रलाई बिर्सिनु हुँदैन।

**स्तनपानमा आमाको सहयोग**

बच्चालाई आमाले स्तनपान गराउँदा श्रीमान्को भूमिका अत्यन्तै महत्त्वपूर्ण हुन्छ, सिधै दूध नखुवाए पनि मानसिक, शारीरिक र व्यवहारिक समर्थन गरेर आमाको स्तनपान सफल बनाउन सकिन्छ। श्रीमान्ले खेल्न सक्ने मुख्य भूमिकाहरूमा निम्न पर्छन् :

- स्तनपान गर्दा थकान, निराशा वा शङ्का आउन सक्छ। त्यसैले, श्रीमान्ले आमालाई प्रोत्साहन, हौसला र सहानुभूति देखाउनु जरुरी हुन्छ।
- घरका काम, बच्चा सुताउने, लुगा फेर्ने, डकार (ढ्याउ) गराउनेजस्ता कार्यमा साझेदारी गर्न सकिन्छ, जसले आमालाई विश्राम मिल्छ।
- स्तनपान गराउँदा निजीपन र शान्त वातावरण आवश्यक हुने हुँदा श्रीमान्ले यस्तो वातावरण तयार गर्न सहयोग गर्नुपर्छ।
- स्तनपानसम्बन्धी थप जानकारीहरू खोज्न, स्वास्थ्यकर्मीको सल्लाह लिन, मिथ्या/भ्रमहरू हटाउन सहयोग गर्नुपर्छ।
- कहिलेकाहीँ परिवार वा समाजबाट 'बोतलपान राम्रो' जस्ता भनाइ आउन सक्छ। यस्तो अवस्थामा श्रीमान्ले आमाको निर्णयलाई सशक्त समर्थन गर्नु आवश्यक हुन्छ।
- श्रीमान्ले स्तनपानलाई 'मात्र आमाको काम' नभई दुवै अभिभावकको साझा जिम्मेवारी ठानेर हेर्नुपर्छ।

आमाले स्तनपान गराउँदा श्रीमान्को सँगै परिवारका अन्य सदस्यहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। स्तनपान सफल बनाउन परिवारको सहयोग आवश्यक पर्छ, विशेषगरी आमा शारीरिक र मानसिक रूपमा सन्तुलित रहनुपर्छ। परिवारको अन्य सदस्यहरूको प्रमुख भूमिकाहरू तल उल्लेख गरिएको छ :

- **परामर्श र सहयोग गर्ने :** अनुभवका आधारमा सहयोगी सुझाव दिने, तर आमा माथि अनावश्यक दबाब नबढाउने।
- **घरेलु काममा मद्दत गर्ने :** खाना पकाउने, सरसफाइ गर्ने, अन्य बच्चाको हेरचाह गर्ने।
- आमा र नवजात शिशुलाई पर्याप्त विश्रामको वातावरण मिलाउने।
- **घरमा शान्त वातावरण सिर्जना गर्ने :** स्तनपान सहज होस् भनेर आवश्यक शान्ति र गोपनीयता कायम राख्ने।
- **स्तनपानप्रति सकारात्मक सोच फैलाउने :** 'बढी दूध आएन' वा 'कृत्रिम/फोर्मुला दूध चाहिन्छ' भन्ने गलत धारणा हटाउने।

यसरी सबैको साथ र सहयोग मिलेमा आमाले स्तनपान गराउने र बच्चाले स्तनपान गर्न पाउने अधिकार अवश्य पनि सुनिश्चित गर्न सकिनेछ।

*(लेखक ख्वप बहुप्राविधिक अध्ययन संस्थानका उप-प्राध्यापक हुनुहुन्छ)*

# गर्मी र आगोबिच पाकिस्तानी इँटा मजदुर

शेखुपुरा (पाकिस्तान), २५ साउन (एएफपी) । पाकिस्तानमा बढ्दो तापक्रमले इँटा भट्टीमा काम गर्ने मजदुरको कठिन जीवन झनै जोखिमपूर्ण बनाएको छ । चर्को घाममुनि ४० डिग्री सेल्सियसभन्दा बढी तापक्रम सहँदै काम गर्ने मजदुरले खुट्टामुनिबाट निस्कने भट्टीको तातो र माथिबाट पर्ने सूर्यको ताप दुवै खेप्नुपरेको छ ।

पाकिस्तानको शेखुपुरा जिल्लास्थित एक इँटा भट्टीमा मजदुरहरू खुट्टामुनिका साना प्वालबाट कोइला तलको आगोको कोठामा हालिरहेका छन् । उनीहरूको टाउकोमाथि भने भट्टीबाट निस्किएको बाक्लो कालो धुवाँ फैलिएको छ ।

परम्परागत इँटा भट्टीमा तापक्रम एक हजार डिग्री सेल्सियसभन्दा माथि पुग्छ । इँटा राम्रोसँग पाकेको सुनिश्चित गर्न मजदुरले भट्टीको तापक्रम निरन्तर निगरानी गर्नुपर्छ । पाकिस्तानमा पहिले नै अत्यधिक गर्मी हुने भए पनि जलवायु परिवर्तनका कारण तापक्रम अझ बढ्दै गएपछि यस्तो काम झनै कठिन बनेको छ ।

पैँतिस वर्षीय मजदुर आबिद हुसेनको कपडा भट्टीबाट निस्किएको कालो धुवाँ र धुलोले ढाकिएको थियो । उहाँले आफू तल र माथिबाट आउने आगोको तापबिच फसेजस्तो महसुस हुने बताउनुभयो । "गर्मी निःसन्देह चरम छ तर घरको आर्थिक दबाब सम्झँदा काम गरिरहनुबाहेक विकल्प हुँदैन", उहाँले भन्नुभयो ।



हुसेनजस्तै सयौँ हजार मजदुर पाकिस्तानको इँटा उद्योगमा कार्यरत छन् । श्रम अधिकारकर्मीहरूका अनुसार यो क्षेत्र कमजोर नियमन, न्यून ज्याला र जोखिमपूर्ण कार्य अवस्थाका कारण समस्याग्रस्त छ । पाकिस्तानमा तीव्र गतिमा भइरहेको निर्माण गतिविधिले इँटाको माग बढाए पनि मजदुरको आम्दानी भने अत्यन्त न्यून छ । उनीहरूले दैनिक करिब तीन अमेरिकी डलर मात्र कमाउने गरेका छन् ।

चर्को घाम, धुलो र तातो हावाबिच मजदुरहरू घन्टौँसम्म भट्टीको सतहमा काम गर्छन् । बन्डेड लेबर लिबरेसन फ्रन्ट पाकिस्तानकी महासचिव सैदा गुलाम फातिमाले इँटा भट्टीलाई मजदुरका लागि 'कैद गर्ने ठाउँ' जस्तै भएको बताउनुभयो ।

"कामदारले माथिको घामको अथक ताप सहनुपर्छ भने भट्टीबाट निस्कने तीव्र गर्मी तलबाट शरीरतर्फ आउँछ", उहाँले भन्नुभयो ।

फातिमाका अनुसार मजदुरहरू ऋण, चरम गर्मी र बिग्रँदो स्वास्थ्यको चक्रमा फसेका छन् । बढ्दो विश्वव्यापी तापक्रमले उनीहरूको जोखिम थप बढाएको उहाँको भनाइ छ ।

शेखुपुरा पाकिस्तानको ठुलो इँटा भट्टी उद्योगको प्रमुख केन्द्र हो । सन् २०१८ को जलवायु तथा स्वच्छ वायु गठबन्धनको तथ्याङ्कअनुसार पाकिस्तानभर १८ हजारभन्दा बढी इँटा भट्टी सञ्चालनमा छन् र तिनमा १० लाखभन्दा बढी मानिस कार्यरत छन् ।

जलवायु विज्ञहरूका अनुसार पाकिस्तान विश्वमा जलवायु परिवर्तनको प्रभावबाट सबैभन्दा बढी जोखिममा रहेका मुलुकमध्ये एक हो । फातिमाले धेरै मजदुरले अग्रिम रकम लिने भएकाले ऋणको बोझमा पर्ने र त्यसपछि जोखिमपूर्ण अवस्थामा पनि काम छाड्न नसक्ने बताउनुभयो ।

हुसेनले आफूले मासिक करिब २५ हजार पाकिस्तानी रूपैयाँ अर्थात् ९० अमेरिकी डलर कमाउने बताउनुभयो । उक्त रकमले घरभाडा र बालबालिकाका आधारभूत आवश्यकता पूरा गर्न मात्र पुग्ने उहाँको भनाइ छ ।

"हामी बिरामी भए पनि वा पारिवारिक समस्या भए पनि काम गर्नैपर्छ", उहाँले भन्नुभयो, "समय निकालेर काम नगरे परिवार समस्यामा पर्छ ।"

**विश्रामसमेत कठिन**

इँटा भट्टीबाट हुने वायु प्रदूषण र स्वास्थ्य जोखिम घटाउन पञ्जाब प्रान्तीय सरकारले परम्परागत भट्टीलाई 'जिगज्याग' प्रविधिमा रूपान्तरण गर्न दबाब दिइरहेको छ । यसले उद्योगलाई थप आधुनिक र कम प्रदूषणयुक्त बनाउन सक्ने अपेक्षा गरिएको छ ।

स्वास्थ्य विज्ञहरूका अनुसार विशेषगरी परम्परागत भट्टीमा लामो समयसम्म अत्यधिक गर्मीमा काम गर्दा छालासम्बन्धी समस्या, श्वासप्रश्वासमा कठिनाइ र मिर्गौलासम्बन्धी रोगको जोखिम बढ्न सक्छ ।

तर भट्टीको तापक्रम स्थिर राख्नुपर्ने भएकाले लामो विश्राम दिन कठिन रहेको ४५ वर्षीय सुपरभाइजर मुजीब उल्लाले बताउनुभयो । "चरम गर्मी होस्, चिसो होस् वा वर्षा, काम निरन्तर गर्नुपर्छ", उहाँले भन्नुभयो । मजदुरलाई पिउने पानी र कहिलेकाहीँ छोटो विश्राम उपलब्ध गराउने गरिएको उहाँको भनाइ छ ।

भट्टीको अर्को भागमा २८ वर्षीय मुहम्मद आजिम भिजेको माटो मिसाएर काठको साँचेमा हातैले इँटा बनाइरहनुभएको थियो । पाकिसकेका इँटाका पङ्क्तिबिच उहाँको काम पनि उत्तिकै थकाइलाग्दो थियो । आफ्नो कामको कठिनाइबारे आजिमले भन्नुभयो, "मौसम राम्रो होस् वा नराम्रो, काम त काम नै हो । गर्नैपर्छ ।"


## हार्दिक समवेदना



जन्म : १९९६/०६/१५
निधन: २०८३/०४/१५

यस बालाखु गणेश धिमे पुचःका गुरू न्हुछेकुमार लासिवाकी श्रीमती **मोहनमाया लासिवा**को असामयिक निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बालाखु गणेश धिमे पुचः**
ब्यासी, भक्तपुर–२



**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

**संस्थाको ऋण सुविधा उपयोग गरौं**

**किस्ताबन्दी ऋण**




**सदस्यहरुको आवश्यकता पुर्तिका लागि निश्चित समय अन्तरालमा किस्ताबन्दी भुक्तानी गर्न ।**

- मासिक किस्ताबन्दी भुक्तानीमा १५ वर्ष सम्मको अवधि ।
- त्रैमासिक किस्ताबन्दी भुक्तानीमा १० वर्ष सम्मको अवधि ।

**५.५% ब्याजदरमा**

**हाललाई पचास लाख सम्मको लगानी**

**सदस्य पहिचान (KYM) फारम अद्यावधिक गर्नुहोला**

**सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ को नियम ३ अनुसार यस संस्थामा सदस्य महानुभावहरुले हरेक ३/३ वर्षमा वा सदस्यको व्यक्तिगत विवरण परिवर्तन (ठेगाना, सम्पर्क नं., अन्य विवरण) भएमा संस्थामा उपलब्ध सदस्य पहिचान (KYM) फारम भरी अद्यावधिक गर्नुहुन अनुरोध छ ।**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE


# चार हजार सहकारी बचतकर्ताको रकम फिर्ता

काठमाडौँ, २५ साउन । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हालसम्म करिब चार हजार बचतकर्ताको रकम फिर्ता गरेको जनाएको छ । समितिका अध्यक्ष डिल्लीराज आचार्यका अनुसार समिति गठन भइसकेपछि पूर्ण र आंशिक तथा बचत मिलानमार्फत हालसम्म उक्त सङ्ख्याका बचतकर्ताको समस्या समाधान गरिएको हो ।

उहाँले भन्नुभयो, "हामीसँग ७६ हजार बचतकर्तालाई करिब ४६ अर्ब रूपैयाँ फिर्ता गर्नुपर्ने दायित्व छ । त्यसका लागि सम्बन्धित सहकारीको सम्पत्ति यकिन गर्ने तथा उपलब्ध स्रोतको परिचालन गर्ने काम भइरहेको छ ।"

सहकारी क्षेत्रमा समस्या किन उत्पन्न भयो र यसको दीर्घकालीन समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा समितिले आन्तरिक विश्लेषणसमेत गरेको उहाँको भनाइ छ । उहाँले बचत फिर्ताको विषयमा सर्वोच्च अदालतको निर्णय तथा सहकारीसम्बन्धी कानुनी व्यवस्था र बचत फिर्तासम्बन्धी कार्यविधिलाई आधार बनाइएको बताउनुभयो । साना बचतकर्तालाई प्राथमिकता दिने नीतिअनुसार पहिलो चरणमा रु. १० हजार वा सोभन्दा कम बचत भएका व्यक्तिको रकम फिर्ता गर्ने काम अघि बढाइएको उहाँको भनाइ छ ।

कार्यविधिले प्राथमिकता दिएका ज्येष्ठ नागरिक, एकल महिला, पूर्ण अपाङ्गता भएका व्यक्ति तथा नेपाल सरकारको निर्देशिकामा उल्लेख भएका जटिल प्रकृतिका रोगबाट पीडित बचतकर्तालाई प्राथमिकता दिइनेछ । "हालसम्म विभिन्न सहकारीबाट गरी रु. ४२ करोड जम्मा भएको अवस्था छ । यसमध्ये कान्तिपुर सहकारीबाट मात्रै करिब रु. १२ करोड रहेको छ । करिब रु. एक करोडदेखि १२ करोडसम्म जम्मा भएका सहकारीहरूलाई समेटेर दसैँअघि रकम वितरण गर्न सकिने गरी योजना बनाइरहेका छौँ," उहाँले भन्नुभयो ।

यसका लागि अहिलेको सबैभन्दा ठुलो चुनौती कानुनी तथा नीतिगत व्यवस्था भएको उहाँको भनाइ छ । हालको कानुनअनुसार अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा समस्याग्रस्त सहकारीले बचतकर्तालाई रकम फिर्ता गर्न नपाउने व्यवस्था छ ।

अध्यक्ष आचार्यले ऋणीको सम्पत्ति लिलाम गरी रकम सङ्कलनको प्रक्रिया अघि बढाइएको समेत उल्लेख गर्नुभयो । ऋणीको सम्पत्तिमा केही सहकारीले त केही बैङ्क तथा वित्तीय संस्थाले पनि रोक्का गरेको अवस्था रहे पनि पहिलो चरणमा सहकारीको मात्रै रोक्का रहेको सम्पत्ति लिलाम गर्ने प्रक्रिया अघि बढाइएको उहाँले जानकारी दिनुभयो । "एउटा सम्पत्तिको लिलामीसम्बन्धी सूचना प्रकाशित भइसकेको छ भने करिब ३५० लालपुर्जा सङ्कलन गरिएको छ । ती सम्पत्तिलाई क्रमशः लिलामीमा लैजाने तयारी भइरहेको छ," उहाँले भन्नुभयो ।

यी विभिन्न स्रोतबाट रकम सङ्कलन भएपछि कम्तीमा प्रत्येक छ महिनामा रु. एक अर्बभन्दा बढी सङ्कलन भएको अवस्थामा सम्बन्धित बचतकर्तालाई दामासाहीका आधारमा वितरण गर्ने समितिको योजना छ । तर, यसका लागि हालको कानुनी र कार्यविधिगत व्यवस्थामा सुधार आवश्यक भएको समितिको भनाइ छ ।

समितिका अनुसार कान्तिपुर, गोर्खा र प्यासिफिक सहकारीका केही बचतकर्तालाई पनि विगतमा रोकिएको रकम क्रमशः वितरण भइरहेको छ । कान्तिपुरका बचतकर्तालाई रु. २५ हजार, गोर्खा बचतका बचतकर्तालाई रु. १७ हजार तथा प्यासिफिकका बचतकर्तालाई रु. १२ हजार ६०० का दरले रकम वितरण भइरहेको हो । ***रासस***

***समाजवादी....***

चुनावी गठन्धनको त बखान गरेर साध्य छैन । यसबाट पार्टीको नीति स्पष्ट नभएको प्रस्ट पार्छ । अहिले दुई दर्जनभन्दा बढी पार्टी मिलाएर बनेको दललाई पनि निश्चित मार्गअनुसार अघि बढाउन सकेको छैन । स्पष्ट दृष्टिकोण र दिशा नभएकै कारण उनले 'प्रचण्डपथ' को बाटो पनि बोके । क्रान्तिकारी संसद्वाद छोडेर पुँजीवादी संसद्मा पनि उनी लागे । त्यही कारण उनको हरेक बोली, अभिव्यक्ति र बखानमा निरासा देखिन्थ्यो । अनुहारमा चमक देखिँदैनथ्यो; कुण्ठै कुण्ठाले भरिएको जस्तो देखिन्थ्यो ।

नेमकिपाले झैँ दृढ अडानका साथ कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनतामाझ लगेर समाजवादी विचार प्रचार गरिएको भए, पुँजीवाद र समाजवादको भेदबारे प्रस्ट पार्दै अघि बढेको भए जनता धेरै हदसम्म सुसूचित भइसक्थे; सङ्गठित भइसक्थे र आन्दोलन गर्न तयार हुन्थ्यो । यसले समाजवादी व्यवस्थाको निम्ति वर्गसङ्घर्ष गर्ने बाटो खुल्थ्यो । पुँजीवादी व्यवस्थाको नेतृत्व गर्न कम्युनिस्टको आचरण छोड्ने गल्ती हुँदैनथ्यो । देशको गाउँ-गाउँ र बस्ती बस्तीका जनता कम्युनिस्टप्रति आस्था राख्थे । सामन्त, पुँजीपति, प्रतिक्रियावादी, जमिनदार, जालीफटाहा, अपराधीहरू कमजोर हुन्थे । आदर्शोन्मुख समाज स्थापना गर्न सहयोग मिल्थ्यो । अनि कम्युनिस्ट पार्टी बलियो हुन्थ्यो ।

कम्युनिस्टको बखान गर्ने एमाले र माओवादीले कम्युनिस्ट पार्टीको मूल्य र मान्यता छोडेर पुँजीवादी बाटो लिए; वर्गसङ्घर्षको बाटो रोजेनन् । वर्गसङ्घर्षको बाटो लिने दल कुनै हालमा कम्युनिस्ट नहुने दाबी गर्न उनीहरू पछि परेनन् । वर्गसङ्घर्षको बाटो भुल्ने उनीहरू कसरी सच्चा कम्युनिस्ट हुन्छन् ? उनीहरू देश र जनताको निःस्वार्थपूर्वक सेवामा जुटेका सच्चा कम्युनिस्ट पार्टीको विरोधमा लागे । उनीहरूले कम्युनिस्ट पार्टीको विरोध गरेर पुँजीवादी पार्टीको पक्षपोषण गरे आफूलाई कम्युनिस्ट भनिने ती दलका नेताहरू पुँजीवादी पार्टीलाई भन्दा नेमकिपाको बढी विरोध गर्छन् । नेमकिपाको विरोध गर्न पाएकोमा उनीहरू मख्ख हुन्छन् या खुसी हुन्छन् । ती नेताहरूको यस्तै गलत नीति र कार्यले गर्दा या पुँजीवादी पार्टीमा भुल्दा गएको निर्वाचनमा उनीहरूको धेरै मत घट्यो; धेरै सांसद सीट गुम्यो । त्यसको अर्थ अब कम्युनिस्ट पार्टी माथि उठ्दैन भन्ने कुरा होइन । यो अस्थायी हार हो । हारेको सिपाहीँ झन् राम्रोसित लड्छ भनेझैँ कम्युनिस्ट पार्टी अघि बढ्नेछ; अघि बढ्न अग्रसर हुनेछ । तर, कुनै पनि लेखक, बुद्धिजीवी र राजनीतिक विश्लेषकहरू देशका अरु कम्युनिस्ट भनिने पार्टीले बाटो बिरायो भनेर नेमकिपालाई त्यही दृष्टिले हेर्नु बुद्धिमानी हुनेछैन ।


## बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः
- ❖ स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- ❖ खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- ❖ घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- ❖ आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- ❖ जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः
- ❖ अनावश्यक हिंडडुल नगरौं,
- ❖ सुरक्षित स्थानतर्फ जाऔं,
- ❖ विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- ❖ खोलानाला सुरक्षित तवरले तरौं,
- ❖ अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- ❖ घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा